प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि
वर्ष १२ | अंक ३३१ | काठमाडौं | मंगलबार, १७ चैत २०८२ | Prabhab National Daily | Tuesday, 31 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# ओली पक्राउविरूद्ध एमालेकै नेताहरु मौन, फितलो बन्दै सडक प्रतिरोध

- पार्टी अध्यक्ष ओलीको पक्राउविरूद्ध पार्टी नेताहरूकै अघोषित समर्थन
- ओली पक्राउको सशक्त प्रतिवाद भने पनि नेताहरु सडकमा निस्किएनन्
- केही कार्यकर्तामात्रै सडकमा उत्रिँदा एमालेको प्रदर्शन फितलो



■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेले आफ्ना अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पक्राउपछि गरेको प्रदर्शन दिनहुँ फितलो देखिँदै गएको छ। पार्टीका केही नेता-कार्यकर्तामात्रै प्रदर्शनमा निस्किएका छन्। अधिकांश नेताहरूको उपस्थिति आन्दोलनमा देखिएको छैन्। उनीहरूले ओलीको पक्राउलाई खासै विरोध गरेकोसम्म पनि देखिएको छैन।

शनिबारको मन्त्रिपरिषद् बैठकमा ओली र उनको सरकारमा गृहमन्त्री रहेका कांग्रेस नेता रमेश लेखकलाई पक्राउ गरेपछिको सम्भावित प्रदर्शन र त्यसलाई नियन्त्रणबारे छलफल भएको थियो। गृहमन्त्री सुधन गुरुङले ओलीको पक्राउपछि एमालेले सडकबाट सशक्त प्रतिवाद गर्न सक्ने विश्लेषणका आधारमा देशभरका प्रहरी, सशस्त्र, राष्ट्रिय अनुसन्धान विभागलाई उच्च सतर्कतामा रहन निर्देशन दिएका थिए। सुरक्षाकर्मीहरूलाई बिदामा नबस्नसमेत गृहमन्त्री गुरुङको निर्देशन थियो। सोहीअनुसार शुक्रबार रातिदेखि नै काठमाडौं उपत्यकामा बाक्लोगरी सुरक्षाकर्मी परिचालित छन्।



> हामी हाम्रो अध्यक्ष केपी शर्मा ओलीको प्रतिशोधपूर्ण र पूर्वाग्रहसहित भएको पक्राउविरूद्ध देशभर आन्दोलनमा छौं। आन्दोलन विस्तारै उठ्दै छ। जनसमुदायको समर्थन बढ्दो छ।
>
> ■ **प्रदीप ज्ञवाली**
> नेता,नेकपा एमाले

ओली र लेखक शनिबार बिहानै पक्राउ परे। त्यही बिहान बसेको एमाले सचिवालय बैठकले ओली-लेखकको पक्राउ प्रतिशोधपूर्ण, पूर्वाग्रहपूर्ण र अन्यायपूर्ण रहेको भन्दै सडक, सदन र अदालत गरी तीनवटै मोर्चाबाट प्रतिवाद गर्ने निर्णय गरेको महासचिव शंकर पोखरेलले सुनाए। तर, सडकमा एमाले प्रदर्शन औपचारिकतामात्रै जस्तो देखिएको छ।

एमाले नेता प्रदीप ज्ञवालीले विस्तारै आन्दोलन उठ्दै गरेको दाबी गरेका छन्। 'हामी हाम्रो अध्यक्ष केपी शर्मा ओलीको प्रतिशोधपूर्ण र पूर्वाग्रहसहित भएको पक्राउविरुद्ध देशभर आन्दोलनमा छौं। आन्दोलन विस्तारै उठ्दै छ। जनसमुदायको समर्थन बढ्दो छ, हामी निरन्तर आन्दोलनमा हुनेछौं,' उनले प्रभावसँग भने।

क्रमशः पृष्ठ २ मा

## सर्वोच्चले दिन मानेन ओली-लेखकलाई रिहा गर्ने आदेश

**काठमाडौं (प्रस)–** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक पक्राउविरुद्ध परेको बन्दी प्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले दुवैलाई रिहा गर्न अस्वीकार गरेको छ।

आइतबार ओली पत्नी राधिका शाक्य र लेखक पत्नी यशोधाले गैरकानुनी पक्राउ भन्दै रिहाको मागसहित बन्दी प्रत्यक्षीकरण रिट दायर गरेका थिए। तर, मागअनुसार रिहा गर्न अदालतले अस्वीकार गऱ्यो। सर्वोच्चले सरकारको नाममा पक्राउ गर्नुको कारण देखाऊ आदेश जारी गरेको छ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेसमा समानान्तर गतिविधि

## गगनको 'काउन्टर'मा लगालग बैठक, खड्कालाई कारबाहीको तयारी

- आधिकारिकता दाबी गर्दै पूर्वसंस्थापनले आजदेखि केन्द्रीय समिति बैठक आयोजना गर्दै, १९ गतेका लागि जिल्ला सभापतिहरूको भेला
- अनुशासनविपरीतको कार्य गरेको भन्दै पूर्णबहादुर खड्कालगायतलाई कारबाहीको तयारीमा संस्थापनपक्ष





■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कमजोर बनेसँगै आन्तरिक कलहमा फसेको कांग्रेस विवाद फेरि सतहमा आएको छ। विशेष महाविधेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिएर निर्वाचनमा गएको कांग्रेसभित्रको विवाद बिहीबारदेखि सतहमा आएको हो।

शनिबार कांग्रेस नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि संस्थापनपक्षले देवराज चालिसेको हस्ताक्षरमा विज्ञप्ति निकालेको थियो। सोही दिन कांग्रेस पूर्वउपसभापति पूर्णबहादुर खड्काले कार्यवाहक सभापतिको हैसियतमा लेखक पक्राउको विरोध गर्दै विज्ञप्ति जारी गरे।

शनिबार संस्थापन पक्षले नवनिर्वाचित सांसदहरूलाई प्रशिक्षणसमेत दिएको थियो। आइतबार पूर्वसंस्थापनले नवनिर्वाचितहरूलाई बधाइ कार्यक्रम आयोजना गऱ्यो। धुम्बराहीस्थित होटल स्मार्टमा आयोजित कार्यक्रममा पूर्वसंस्थानका ११ जना सांसदमात्र आइपुगे। जबकि, पूर्वसंस्थापनबाट यो निर्वाचनमा २२ जना निर्वाचित भएका छन्।

प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी कूल ३८ सिट जितेको कांग्रेस प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल हो। २०७९ मंसिरमा भएको निर्वाचनमा ८९ सिटसहित पहिलो बनेको कांग्रेसले सरकारको नेतृत्व भने गर्न पाएन। तत्कालीन नेकपा माओवादी केन्द्रसँग तालमेल गरी निर्वाचनमा गएको कांग्रेस कहिले प्रतिपक्षमा त कहिले माओवादी केन्द्रसँगै मिलेर सरकारमा गयो। पछिल्लोपटक कांग्रेसले नेकपा एमालेसँग गठबन्धन गरी सरकार बनाएको थियो।



> हामी त सडकमा आइपुगेका छौं। गगनले हामीलाई सडकमा ल्याए। त्यही भएर बाहिर नै बैठक बस्नुपरेको हो।
>
> ■ **जितजंग बस्नेत**
> कांग्रेस नेता



> पार्टीको लेटरहेड दुरूपयोग गरेर विभिन्न क्रियाकलाप भइरहेको कुरा हाम्रो नोटिसमा आएको छ। हामी यसबारे छिट्टै निर्णय गर्छौं।
>
> ■ **देवराज चालिसे**
> प्रवक्ता, नेपाली कांग्रेस

दुई ठूला दल मिलेर शक्तिशाली सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेका थिए। उक्त सरकार भ्रष्टाचारमा लिप्त भएको र सुशासनको विषयमा कमजोर बनेको भन्दै त्यतिबेला कांग्रेस महामन्त्री रहेका गगन थापाले खबरदारी गरिरहे। सोहीबीचमा ओली नेतृत्वको सरकारले वर्ष दिन पूरा गरेको केही समयमै भदौ २३ गते जेन-जी विद्रोह भयो। सोही विद्रोहले ओली सरकार ढालेसँगै कांग्रेसमा पनि विशेष महाधिवेशनको माग भयो।

कांग्रेसमा निर्वाचनअघि महाधिवेशन गर्न नहुने भन्दै शेरबहादुर देउवा पक्षले अडान लिँदा गगन पक्षले भने नयाँ नेतृत्व लिएरमात्र निर्वाचनमा जानुपर्ने भन्दै पुसको अन्तिम साता विशेष महाधिवेशन आयोजना गऱ्यो। उक्त महाधिवेशनले देउवा नेतृत्वको कार्यसमिति भंग गर्दै गगन नेतृत्वको नयाँ कार्यसमिति घोषणा गऱ्यो। त्यसपछि यो कलह निर्वाचन आयोग पुगेको थियो। निर्वाचन आयोगले गगन नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएसँगै देउवापक्षले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ।

यो मुद्दाको सुनुवाइ नभएपछि देउवापक्षका नेताहरू पनि गगनको हस्ताक्षरमै प्रतिनिधिसभा निर्वाचनमा होमिए। गगनको हस्ताक्षर लिएर गएकामध्ये देउवापक्षका चार जनामात्र निर्वाचित भए। यता समानुपातिकमा भने धेरैजसो देउवापक्षका निर्वाचित भएका छन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# बालेन्द्र सरकारको प्राथमिकता पनि श्रम सम्झौता विस्तारमै

## श्रम सम्झौतामा हस्ताक्षर गर्ने मुलुकको संख्या एक वर्षभित्र १८ पुऱ्याउने तयारी

■ प्रभाव संवाददाता




**काठमाडौं–** स्वदेशमै रोजगारी दिलाउने चुनावी वाचा गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले यसअघिका सरकारले जस्तै वैदेशिक रोजगारीको क्षेत्र विस्तारलाई प्राथमिकतामा दिने देखिएको छ। बालेन्द्र शाह नेतृत्वको सरकारले श्रम सम्झौतामा हस्ताक्षर गर्ने मुलुकको संख्या एक वर्षभित्र १८ पुऱ्याउने भएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले थप पाँचवटा मुलुकमा श्रम सम्झौता विस्तार गर्न आइतबार निर्देशन दिएका थिए। यससँगै श्रम सम्झौताका लागि आवश्यक प्रक्रिया अघि बढाइएकोमन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयको वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका उपसचिव प्रविण कोइरालाका अनुसार थप पाँचवटा मुलुकसँग सम्झौता गर्न मन्त्री साहले एक वर्षको समयसीमा तोकेका छन्। विगतमा सम्झौताका लागि नेपालले प्रस्ताव गरेका मुलुकमध्येकै पाँच वटासँग सम्झौता हुने उनले बताए। 'अहिले एक वर्षभित्र पाँचवटा देश थप्ने भन्नुभएको छ। हामीले अहिलेसम्म १५ वटालाई सम्झौताको प्रस्ताव गरेका छौं। तीनै मध्यबाट पाँच वटासँग हुन्छ। यही देशसँग हुन्छ भनेर भन्न सकिँदैन,' कोइरालाले भने।

मन्त्रालयले हालसम्म बोस्निया र हर्जगोभिना, अल्बानिया, क्रोएसिया, लक्जम्बर्ग, माल्टा, साइप्रस, पोल्याण्ड, पोर्चुगल, सर्बिया, बेल्जियम, अस्ट्रिया, मोन्टेनेग्रो, ब्रुनई, माल्दिभ्स र टर्कीसँग द्विपक्षीय श्रम सम्झौताको प्रस्ताव गरेको छ। प्रस्ताव गरिएका मुलुकहरू धेरै भए पनि उनीहरू तयार नभएसम्म सम्झौता गर्न कठिन हुने उपसचिव कोइरालाले बताए। 'यो गाह्रो विषय छ। कुनै अगाडि बढ्छ। कुनै बीचमै रोकिन्छ। हाम्रोमात्र चाहना भएर हुँदैन। सम्बन्धित देश पनि तयार हुनपऱ्यो,' उनले भने।

क्रमशः पृष्ठ २ मा

## संघसंस्थाले गर्ने उद्धारमा विभागले लगायो रोक

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा गएर समस्यामा परेका श्रमिकको गैरकानुनी उद्धारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। सोमबार सूचना जारी गर्दै गन्तव्य मुलुकमा समस्यामा परेका नेपालीहरूको उद्धार गर्ने जिम्मा नेपाल सरकारको भएकाले विभिन्न संघसंस्थाहरूले गर्ने उद्धार कानुनविपरीत भएको विभागले बताएको छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५ मा वैदेशिक रोजगारीमा रहेका नेपाली युद्व, महामारी वा अन्य समस्यामा परी उद्धार गर्नुपर्ने अवस्था आए यसको पूर्णजिम्मेवारी नेपाल सरकार र सम्बन्धित देशमा रहेको नेपाली कूटनीतिक नियोगको हुने विभागले स्पष्ट पारेको छ। केही गैरसरकारी संस्था वा व्यक्तिले कानुनमा नभएको अधिकार प्रयोग गरी श्रमिक वा उनीहरूका परिवारलाई प्रभावमा पारी उद्धारको भ्रम फैलाएको सूचना विभागमा प्राप्त भएको जनाएको छ।

विभागले समस्यामा परेका श्रमिकको उद्धार गर्नु परे विभाग वा सम्बन्धित देशको नेपाली दूतावासमा सम्पर्क गर्न अनुरोधसमेत गरेको छ। आधिकारिक प्रक्रिया बाहिरबाट गरिने उद्धारले थप जोखिममा पार्ने कानुनी जटिलता निम्त्याउन सक्ने उक्त सूचनामा भनिएको छ। आगामी दिनमा कानुनविपरीत कुनै पनि संघसंस्था वा व्यक्तिबाट यस्तो कार्य भएको पाइए कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ।

# सांसदसँग छलफलमा प्रधानमन्त्री शाह

- कोशी र कर्णाली प्रदेशका सांसदहरूसँग प्रधानमन्त्रीले गरे छलफल
- सरकार यस वर्ष शासकीय सुधारमा केन्द्रित रहने सन्देश
- बजेट विनियोजनमा कसैलाई पनि विभेद नगरिने प्रधानमन्त्री शाहको वाचा
- क्षेत्रगत सांसदहरूसँग यसरी प्रधानमन्त्रीले छलफल गरेको पहिलोपटक भएको सांसदहरूको प्रतिक्रिया



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाहले शासकीय सुधार र विकासका लागि सांसदहरूसँग छलफल थालेका छन्। उनले सोमबार कोशी र कर्णालीका सांसदहरूसँग छलफल गरे।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा प्रधानमन्त्री शाहले सांसदहरूसँग अ-आफ्नो जिल्लाको समस्या, भावी दिनमा गर्नुपर्ने विकासको बारेमा छलफल गरेका थिए। कोशी प्रदेशको छलफलमा सांसदहरूसँग तत्कालका समस्याबारे सोधेको सांसद यज्ञमणि न्यौपानेले बताए। 'हामीले आ-आफ्ना निर्वाचन क्षेत्रमा भएका समस्या र एक जिल्ला वा एक क्षेत्र बढीका समस्या राख्यौं,' न्यौपानेले भने।

सोलुखुम्बुका सांसद प्रकाशसिंह कार्कीले आफूले जिल्लाका समस्याहरू राखेको बताए। 'प्रधानमन्त्रीले जिल्लाको समस्याहरूबारे सोध्नुभयो। मैले सोलुखुम्बुको पर्यटन क्षेत्र र विद्युत्को समस्याहरू राखेँ,' उनले भने। यी विषयहरूमा बजेट बनाउने समयमा पुनः छलफल हुने र बजेट विनियोजनमा कसैलाई पनि विभेद नगरिने वाचा प्रधानमन्त्रीले गरेको कार्कीले बताए।

जुम्लाबाट निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ज्ञानेन्द्र शाहीले नौ बुँदे ध्यानाकर्षणपत्र बुझाएका छन्। शाहीले सडक, स्वास्थ्य, शिक्षा, कृषि र सम्पदा संरक्षणलगायतका विषय समेटिएको ज्ञापनपत्र बुझाएको बताएका छन्। 'प्रधानमन्त्री बालेन्द्र शाहज्यूसँगको भेट अत्यन्त सकारात्मक, फलदायी र ऊर्जावान् रहयो। विकासका आधारभूत संरचना सुदृढीकरण, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार, रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन तथा स्थानीय स्रोत साधनको अधिकतम उपयोगजस्ता बुँदाहरूमा विशेष जोड दिइएको थियो,' शाहीले आफ्नो फेसबुक पेजमार्फत भनेका छन्।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### कांग्रेसमा...

अहिले कांग्रेस संसदीय दलमा गगनपक्षका १६ जना र देउवा-शेखर कोइराला पक्षका गरी २२ सांसद छन् । पूर्वसंस्थापन पक्षमा देउवा र शेखर छन् ।

**आजदेखि पूर्वसंस्थापनको केन्द्रीय समिति**

विशेष महाधिवेशनको विपक्षमा उभिएका देउवापक्षका नेताहरू आजदेखि बैठकमा जुट्दै छन् । पूर्वउपसभापति खड्काले केन्द्रीय समिति भन्दै डाकेको यो बैठक धुम्बाराहीमा दिउँसो १ बजेबाट सुरु हुने कांग्रेस नेता जितजंग बस्नेतले बताए । 'हामी त सडकमा आइपुगेका छौं । गगनले हामीलाई सडकमा ल्याए । त्यही भएर बाहिर नै बैठक बस्नुपरेको हो,' बस्नेतले भने । बस्नेत राष्ट्रिय सभा सदस्य हुन् ।

भोलि बुधबारसम्म चल्ने बैठकमा चुनावी हार, कांग्रेसका नेताहरूलाई सरकारले गरेको पछिल्लो धरपकडबारे छलफल गरिने बस्नेतले बताए । बालेन्द्र शाह नेतृत्वको सरकार बनेसँगै पूर्वगृहमन्त्री रमेश लेखक र पूर्वउर्जामन्त्री दीपक खड्का पक्राउ परेका छन् । यो विषयमा संस्थापनपक्ष मौन देखिँदा देउवापक्ष भने आक्रामक देखिएको छ । सरकारले सम्पत्ति शुद्धीकरणमा पूर्वसभापति देउवालाई पनि राडारमा राखेको छ ।

केन्द्रीय समितिको बैठकपछि देउवापक्षका जिल्ला सभापतिहरूकोसमेत भेला हुँदैछ । भेलामा ४७ जनाभन्दा बढी जिल्ला सभापतिहरूलाई निम्तो दिइएको देउवापक्षले जनाएको छ । आफूलाई पनि भेलाको निम्तो आएको मकवानपुर जिल्लाका कांग्रेस सभापति बुद्ध लामाले बताए । 'निम्तो आएको छ । जाउँ भने संस्थापनले कारबाही गर्ने डर । नजाउँ आफ्नै पक्षको बैठक,' लामाले भने, 'केन्द्रका नेताहरू नमिल्दा धेरै अप्ठेरो परिस्थितिको सिर्जना भएको छ ।' भक्तपुर जिल्ला सभापति दुर्लभ थापाले जिल्ला सभापतिहरूको भेलामा पछिल्लो परिस्थिति र कांग्रेसले चाल्नुपर्ने कदमबारे छलफल हुने बताए ।

**केन्द्रीय अनुशासन समितिको बैठक बस्दै**

देउवा समूहले समानान्तर गतिविधि थालेपछि रणनीति बनाउन गगन नेतृत्वको कांग्रेसले केन्द्रीय अनुशासन समितिको बैठक डाकेको छ । बुधबार दिउँसो १ बजे बस्ने गरी बैठक बोलाइएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बताए ।

बैठकमा निर्वाचनमा अन्तरघात गर्नेहरूको विषयमासमेत छलफल हुने दुलालले बताए । पूर्वसंस्थापनपक्षले गरेको गतिविधि आफूहरूले 'नोटिस'मा राखेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए । 'पार्टीको लेटरहेड दुरूपयोग गरेर विभिन्न क्रियाकलाप भइरहेको कुरा हाम्रो नोटिसमा आएको छ । हामी यसबारे छिट्टै निर्णय गर्छौं,' उनले भने ।

■■■

### ओली...

एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओली शासकीय जिम्मेवारीमा रहँदा उनको हेल्चेक्र्याइँले २३ भदौमा १९ जना नवजवान मारिने स्थिति भएको भन्दै गौरीबहादुर कार्की आयोगले कारबाही सिफारिस गरेपछि पक्राउ परेका हुन् । उनीविरुद्ध मुलुकी फौजदारी दण्ड सहिताको १८१ र १८२ अनुसार प्रहरीले अनुसन्धान थालेको छ । उनी भने चिकित्सकका अनुसार प्रतिकूल स्वास्थ्य अवस्थाले गर्दा त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमै उपचाररत छन् । उनले पक्राउ पर्दै गर्दा आफू कानुनी र राजनीतिक रूपले प्रतिवाद गर्न सक्षम रहेको दाबी गरेका थिए ।

तर, ओलीको रिहाइको लागि दबाब दिन एमाले नेताहरू नै निस्किएनन् । एक-दुई सय जना कार्यकर्ता सडक प्रदर्शनमा निस्किन्छन् । जबकि, सुरक्षाकर्मी तीन-चार गुणा बढी सडकमा देखिन्छन् । यस्तोमा एमाले कार्यकर्ताहरूले प्रहरीको लाठीको सामना गरिरहनुपरेको छ । सोमबार त प्रहरीको कुटाइ खाएका एक जना एमाले प्रदर्शनकारीले प्रहरीसामु बिन्ती नै गर्दै भने, 'कुट्न त कुट्नु तर गोरु कुटाइ नकुट्नु ।'

कार्यकर्तासँग सडकमा कर्ण थापा, डा. राजन भट्टराई, पार्वन गुरुङ, खिमलाल भट्टराईलगायत सीमित नेताहरू देखिने गरेका छन् । नेता ईश्वर पोखरेल, उपाध्यक्षहरू रामबहादुर थापा, पृथ्वीसुब्बा गुरुङ, विष्णु पौडेल, गोकर्ण विष्ट, रघुजी पन्त, महासचिव शंकर पोखरेल, उपमहासचिवहरू योगेश भट्टराई, लेखराज भट्ट, रघुवीर महासेठ, सचिवहरू पद्मा अर्याल, शेरधन राई, महेश बस्नेत, यामलाल कँडेल, छविलाल विश्वकर्मा, खगराज अधिकारी कोही पनि सडकमा निस्किएका छैनन् ।

एमालेका एक जना पूर्वस्थायी कमिटी सदस्यका अनुसार पार्टीको सार्वजनिक छवि पूरै बिग्रिएको हुँदा नेता कार्यकर्ता सडकमा उत्रिनै सक्ने भएन । उनले भने, 'एक त जेन-जी विद्रोहमा हामीविरुद्ध गम्भीर प्रहार भयो । चुनावमा त्यस्तै भयो । मासुभाते, भ्रष्टाचारी अनेकन भाष्य स्थापित गरे, जसले हामीलाई साँच्चै भन्दा सडकमा निस्किसक्नु छैन र अध्यक्ष कमरेडको पक्राउविरुद्ध प्रदर्शनमा जनसमर्थन जुटाउन सकिएको छैन,' उनले भने ।

तर, एमालेमा ओली सर्वेसर्वा बन्दा पार्टीको संस्थापनइतर पक्ष गम्भीर रूपमा असन्तुष्ट थियो । त्यो पक्षको मूल नेतृत्व ईश्वर पोखरेल हुन् । अन्य नेताहरू सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, गोकर्ण विष्टलगायत हुन् । नेता पाण्डेबाहेकका नेताहरू पनि मौन छन् । पाण्डेले ओली पक्राउको खासै विरोध गरेका छैनन् । बरु, गत महाधिवेशनमा ओलीविरोधी कित्तामा रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले ओली पक्राउ गर्ने बालेन सरकारको कदमप्रति विज्ञप्ति जारी गर्दै कडा शब्दमा विरोध गरिन् । सोमबार उनी ओलीको स्वास्थ्य अवस्था बुझ्न त्रिवि शिक्षण अस्पताल पुगिन् । अरु नेताहरू न ओली भेट्न पुगेका छन् न उनको रिहाइको लागि दबाब दिन सडकमा ओर्लिएका छन् । यसले गर्दा ओली र उनको दल एमालेको सचिवालय बैठकले गर्ने भनेको सशक्त प्रतिवाद फितलो बन्दा बालेन सरकारले आकलन गरेजस्तो सुरक्षा चुनौती निम्तिएन ।

■■■

### सर्वोच्चले...

सोमबार न्यायाधीश मेघराज पोखरेल र कुमार रेग्मीको छुट्टाछुट्टै इजलासले उक्त आदेश जारी गरेका हुन् । आदेशअनुसार सर्वोच्च अदालत प्रशासनले अब दुईवटै निवेदन एकसाथमा सुनुवाइ पनि गर्नुपर्नेछ ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले ओलीलाई जरुरी पुर्जी नै जारी गरेर पक्राउ गर्नुपर्ने अवस्था थियो कि थिएन भनी प्रश्न उठाएको छ र त्यसबारे लिखित जवाफ पेस गर्न आदेश दिएको छ । उनका वकिल टीकाराम भट्टराईले भाग्न नसक्ने र प्रमाण नष्ट गर्न नसक्ने ओलीको हकमा जरुरी पक्राउ पुर्जी जारी गर्नु प्रथम दृष्टिमै गैरन्यायिक भएको जिकिर गरेका थिए ।

न्यायाधीश पोखरेलले पूर्वगृहमन्त्रीको निवेदनमा अर्का न्यायाधीश कुमार रेग्मीले दिएको आदेशमाझैं 'कार्की आयोगको प्रतिवेदन पेस गर्नू र इजलासमा देखाएर लैजानू' भन्ने आदेश छ । उस्तै प्रकृतिको विषयवस्तुमा पूर्वगृहमन्त्री लेखक पक्राउ परेको र त्यसविरुद्धको निवेदनसमेत रहेको भन्दै सर्वोच्चले दुवैलाई एकसाथ पेस गर्न आदेश दिएको हो ।

■■■

### बालेन्द्र सरकारका...

प्रस्तावित मुलुकबाहेक खाडीका ओमान र कुवेतसँगको सम्झौता छिट्टै हुनसक्ने उनको भनाइ छ । ओमानसँगको समझदारीपत्र स्वीकृत गर्ने निर्णय यसअघि नै मन्त्रिपरिषद्‌बाट भइसकेको छ । कुवेतसँगको सम्झौता पनि अन्तिम चरणमा पुगेको बताइएको छ । हाल पश्चिम एसियामा जारी युद्धका कारण यी दुई मुलुकसँगको सम्झौताको प्रक्रिया रोकिएको उपसचिव कोइरालाले बताए ।

हाल नेपालले १३ वटा मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गरेको छ । पछिल्लोपटक गत माघ ११ गते साउदी अरबसँगको सम्झौतामा हस्ताक्षर भएको थियो । साउदीसँगै हालसम्म कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग सम्झौता गरिएको छ ।

श्रमविद् डा. युवराज बस्नेतको बुझाइमा सम्झौता गर्नका लागि लामो समय दिनुपर्ने र गन्तव्य मुलुकलाई श्रमिकको आवश्यकता कत्तिको परेको भन्नेमा निर्भर हुने भएकाले कामदार जाने सबै मुलुकसँग द्विपक्षीय सम्झौता हुन नसकेको हो । 'सम्झौता गर्न लामो कूटनीतिक प्रयास चाहिन्छ । उनीहरूले नियमितरूपमा कामदार पाएको छ भने किन सम्झौता गर्नुपर्‍यो भन्छ,' उनले भने, 'मलेसिया, कतारजस्ता देशमा कामदारको अभाव भएकाले र सम्झौता गरेर ल्याउँ भन्ने हुन्छ । त्यस्तै, अनौपचारिकरूपमा श्रमिकहरू आइरहेका छन् र त्यसले कुनै असर नगरेको अवस्थामा पनि मुलुकहरू तयार हुँदैनन् ।'

श्रम कानुन बलियो भएका देशहरूमा कामदारले स्वतः आफ्नो अधिकार पाउने भएकाले ती मुलुकमा श्रम सम्झौता गरिराख्न आवश्यक नभएको बस्नेतले बताए । यद्यपि सरकारले आफ्नो कार्यक्षमताका सूचकहरूलाई सुधार गर्न पनि यस्तो निर्णय गर्ने गरेको उनको भनाइ छ । नवनियुक्त मन्त्री साहले कसैले दिएको सुझावका आधारमा पहिलो निर्णयमा नै सम्झौता विस्तार गर्ने योजना राखेको हुनसक्ने उनको भनाइ छ । 'सरकारले जति धेरै सम्झौता गर्‍यो त्यति पर्फमेन्स इण्डिकेटर(केपिआई) बढ्दै जान्छ । त्यसकारण बर्सेनि एक-दुई वटासँग सम्झौता गर्नु राम्रै हो,' श्रमविद् डा. बस्नेतले भने, 'यसको मतलव वैदेशिक रोजगारीमा ती मुलुकबाट माग हुने सम्भावना पनि बढ्न सक्छ । मन्त्रीज्यू नयाँ हुनुहुन्छ । उहाँलाई कसैले यस्तो सुझाव दिएकाले यो निर्णय गर्नुभएको हुनसक्छ ।'

सरकारले वैदेशिक रोजगारीमा जान १११ वटा मुलुक खुला गरेको छ । तर व्यक्तिगत श्रम स्वीकृति लिएर १७० वटाभन्दा बढी मुलुकमा पुगेको तथ्यांक छ । श्रमिकको हक, अधिकार सुनिश्चित गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन गन्तव्य मुलुकसँग श्रम सम्झौता गरिन्छ । सम्झौतामा श्रमिकले पाउने न्यूनतम तलब, कामको अवस्था, सामाजिक सुरक्षा, स्वास्थ्य सेवालगायतका विषय कानुनीरूपमा सुनिश्चित गरिएको हुन्छ । कुनै पनि मुलुकमा पाँच हजारभन्दा बढी कामदार रहेको अवस्थामा श्रम सम्झौता गर्नु उपयुक्त मानिने मन्त्रालयका एक अधिकारीले बताए ।

■■■

### सांसदसँग...

सांसद शाहीले कर्णाली राजमार्गको स्तरोन्नतिमा ढिलाइ गर्ने ठेकेदारलाई तत्काल कारबाही गर्न मागसमेत गरेका छन् । यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद रमेश मल्लले बजेटमार्फत कर्णाली प्रदेशलाई न्यायोचित सम्बोधन गर्न प्रधानमन्त्री तयार देखिएको बताए । 'कर्णालीलाई आगामी बजेटमा न्यायोचित सम्बोधन गरिन्छ, बजेट सन्तुलित हुन्छ भन्नुभएको छ,' सांसद मल्लले भने ।

छलफलमा प्रधानमन्त्री शाहले सरकार यस वर्ष शासकीय सुधारमा केन्द्रित रहने बताएका थिए । प्रधानमन्त्रीले क्षेत्रगत सांसदहरूसँग यसरी छलफल गरेको पहिलोपटक भएको सांसदहरू बताउँछन् ।

**श्रम संस्कृति पार्टीको बहिस्कार**

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले भने प्रधानमन्त्री शाहले आयोजना गरेको सांसदहरूसँगको प्रदेशगत छलफल बहिस्कार गरेका छन् । प्रतिनिधिसभा बैठक बोलाउन माग गर्दै उनले आफ्नो पार्टीले बैठक बहिस्कार गरेको बताएका हुन् । प्रत्यक्षमा निर्वाचित तीन जना श्रम संस्कृति पार्टीका सांसद कोशीका छन् ।

आफूलाई आइतबार साँझ निम्तो आएको उल्लेख गर्दै सोमबार भिडियो सन्देशमार्फत बैठक बहिस्कार गरेको बताएका हुन् । 'प्रधानमन्त्रीले सदन बोलाउन पहल नगरी कोठे बैठकमा बोलाएको कारण थाहा भएन । यता सदनको बैठक सुरु भएको छैन । बरु सदनको बैठक बसाउन सुरु गर्नुहोला,' साम्पाङले भने । कोठामा भन्दा पनि सदनमा जनताको कुरा राख्ने साम्पाङले बताए । 'सदन बैठक कम्तीमा हप्ताको एकपटक राख्नुपर्छ । जनताका प्रश्नबाट भाग्न पाइँदैन, सबै प्रश्नको उत्तर दिनैपर्छ,' उनले भने ।

सरकारले चैत १९ गतेका लागि सदनको बैठक बोलाएको छ । योसँगै राष्ट्रपति रामचन्द्र पौडेलले दुवै सदनको बैठक बोलाएका छन् । फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको झण्डै महिना दिनपछि संसद्‌को पहिलो बैठक बस्न लागेको हो ।

**राहदानी हरायो**

मिति २०८०/०१/०२ गते दाङबाट काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **हिमाल चौधरी**
राहदानी नं : **०९६०२६७१**
ठेगाना : **काठमाडौं**
फोन नं : **९८४७८१८०६८**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७६/०६/२८ मा दर्ता भएको प्रा.लि.नं. २२६७०९ को **ओमेगा हिमालयन कृषि फर्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना !**

***प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१७ गते***

**सोनी इन्टरनेशनल रिक्विडमेन्टस् प्रा.लि.**को मिति २०८१/०५/०९ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सक्कार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तित गरी **फैसल म्यानेजमेन्ट सर्भिस प्रा.लि. (प्रा.लि. नं. १६५२२९)** कायम गर्ने गरी मिति २०८२/०९/२२ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Gaushala Municipality
## Office of the Municipal Executive

**Gasuhala,Mahottari**
**Madhesh Province,Nepal**

### Notice For Letter Of Intent (LOI)

**(Date of Publication: 31-03-2026)**

This is to notify all the concerned bidders our intention to award the contract for the followingproject to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per provision stipulated in Public Procurement act 2063, Clause 27, Sub Clause (2) and (3) and Clause 47.

| S.N | Contract ID | Name of the project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount Exclusive VAT and PS |
|---|---|---|---|---|
| 1 | RE/GAU/NCB/WORKS/02-2082/083 | Construction of Culvert | Anish Construction, Gaushala-5 mahottari | 2955626.81 |
| 2 | GAU/NCB/WORKS/05-2082/083 | Construction work of 4 inch and 6 inch boring well in different areas of Gaushala Municipality | Asian Drilling Company Pvt.Ltd, Lokhanthali-16, Bhaktapur | 6515124.10 |
| 3 | GAU/NCB/WORKS/08-2082/083 | Construction of 2 story 8 class room at maa vinigaul | Anish Construction, Gaushala-5 mahottari | 11093935.70 |
| 4 | GAU/NCB/WORKS/09-2082/083 | Construction of 2 story 8 class room at janta ma vi bharatpur, gaushala,11 | Anish Construction, Gaushala-5 mahottari | 11677827.05 |

**(Chief Administrative Officer)**

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कपिलाकोट, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८२/१२/१७)**

यस कार्यालयको बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम रित पूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही रहेका देहाय बमोजिमको बोलपत्र स्वीकृत गर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि आशयको सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र सम्बन्धी सूचना प्रकाशन मिति | सूचना प्रकाशित पत्रिका | बोलपत्र नं. | कामको विवरण | न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम रु. (पि.एस र मू.अ. कर समेत) |
|---|---|---|---|---|---|
| २०८२/११/१० | मध्यान्ह राष्ट्रिय दैनिक | MRM/Sindhuli/Works/NCB/04/2082-083(Re) | Hile Dhap Hilekhola Paschim Patti kulo Sahit Concrete Parkhal Gari Tatabanda Karya | श्री संकल्प विल्डर्स चाँगुनारायण-०८, भक्तपुर | १९,२५,३९३।३१ |

**प्रमुख प्रशासकीय अधिकृत**

# यातायात कार्यालय एकान्तकुनाबाट बिचौलियाको आरोपमा १५ जना पक्राउ

**काठमाडौं (प्रस)**– यातायात व्यवस्था कार्यालय एकान्तकुनाबाट १५ जनालाई बिचौलियाको आरोपमा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर ललितपुर र मातहत प्रहरी वृत्त सातदोबाटोबाट खटिएको 'स्विप अप्रेसन' प्रहरी टोलीले आज ललितपुर महानगरपालिका-१३ एकान्तकुनाबाट उनीहरूलाई पक्राउ गरेको हो ।

ललितपुर प्रहरीले सोमबार एक सूचना जारी गरी यातायात कार्यालयमा आउने सेवाग्राहीलाई अनावश्यक हैरानी, सास्ती र अवरोध सिर्जना गर्ने गरेको पाइएपछि १५ जनालाई नियन्त्रणमा लिएको उल्लेख गरेको छ । उनीहरूलाई प्रहरी वृत्त सातदोबाटोमा राखिएको र थप आवश्यक अनुसन्धान थालिएको पनि प्रहरी परिसरले जनाएको छ ।

## सन नेपाल लाइफ इन्स्योरेन्सका सिइओ पक्राउ

त्यसैगरी नेपाल प्रहरीले सन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राजकुमार अर्याललाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले धितोपत्रसम्बन्धी कसुरमा अनुसन्धानका लागि सिइओ अर्याललाई सोमबार पक्राउ गरेको हो । अर्याललाई काठमाडौं महानगरपालिका वडा नं २९ न्युप्लाजा पुतलीसडकबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

ब्युरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शिवकुमार श्रेष्ठले कर्मचारीलाई छुट्याएको सेयर बाँडफाँट सम्बन्धमा नियमनकारी निकायले माग गरेको विवरण पेस गर्दा कम्पनीबाट प्राप्त सक्कल आवेदन फाराम र त्यसका प्रतिलिपिको विवरण फरक-फरक निकायमा पेस गरेकाले पक्राउ गरिएको जानकारी दिए ।

अर्यालले गरेको उक्त काम धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा १०० विपरीत कसुर भएकाले पक्राउ गरिएको ब्युरोले जनाएको छ । पक्राउ परेका अर्यालसँग थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताए ।

# राष्ट्रपतिले आह्वान गरे संघीय संसद्को अधिवेशन

**काठमाडौं (प्रस)**– राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेका छन् ।

उनले नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद् बैठकको सिफारिसअनुसार यही चैत १९ गते बिहीबार दिउँसो २:०० बजे अधिवेशन आह्वान गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए ।

यसअघि, सोमबार नै बसेको मन्त्रिपरिषद् बैठकले अधिवेशन आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

यसैबीच, संघीय संसद् सचिवालयले राष्ट्रपतिको आह्वानअनुसार दुवै सदनका सदस्यहरूलाई बैठकमा उपस्थितिका लागि अनुरोध गरेको छ । महासचिव पद्मप्रसाद पाण्डेयद्वारा सोमबार जारी सूचनामा सबै सांसदहरूलाई सिंहदरबारस्थित निर्माणाधीन संघीय संसद् भवनको सभाकक्षमा उपस्थितिका लागि अनुरोध गरिएको छ ।

संविधानसभा निर्वाचनपछि पहिलोपटक सिंहदरबारभित्र संसद् बैठक बस्न लागेको हो । जेन-जी आन्दोलनअघिसम्म नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा संघीय संसद्को बैठक बस्दै आएको थियो । उक्त आन्दोलनका क्रममा भवन जलाइएका कारण त्यहाँ बैठक बस्न मिल्ने अवस्था छैन । यता सिंहदरबार परिसरमा ढिलागरी निर्माण भइरहेको संसद् भवन पूरा नहुँदै संसद बैठकका लागि प्रयोगमा ल्याउन लागिएको हो ।


कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

## घरेलु तथा साना उद्योग कार्यालय, उदयपुर

गाईघाट, नेपाल

कोशी प्रदेश पर्यटन वर्ष २०८२

## सवारी साधन खरिद गर्ने सम्वन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/१२/१७ गते*

यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको चार पाङग्रे सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक आयातकर्ता वा आधिकारिक बिक्रेताहरू बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) बिधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक तथा आधिकारीक आयातकर्ता वा आधिकारीक बिक्रेताले आ-आफ्नो उत्पादनको आधिकारीक स्पेसिफिकेसन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) तथा Manufacture authorization letter संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा आधिकारीक आयातकर्ता वा आधिकारीक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण** :

| Type of Vehicle | Requirement (General Specification) | No. of Vehicle |
|---|---|---|
| 1. 2WD DOUBLE CAB PICKUP | 4 Cylinder, Min. 2500CC, developing maximum rated power output min. 60 HP at governed RPM with torque min. 190 NM @ governed RPM, engine fully equipped with accessories for efficient full load operation of the vehicle at operating conditions. | 1 (One) |

**शर्तहरूः**

१. इच्छुक प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/१२/२३ गते कार्यालय समयभित्र रीतपूर्वक यस कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ । दर्ता भएका प्रस्तावहरू मिति २०८२/१२/२३ गते ५:१० बजे खोलिनेछ ।
२. मालसामान उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको थोक बिक्री मूल्य र सुविधा सम्बन्धित कम्पनीको वेबसाईट वा कागजात (ब्रोसर) मा अनिवार्य रूपमा सार्वजनिक गरिएको हुनुपर्नेछ ।
३. प्रस्ताव प्राप्त भएपछि सोको आधारमा सूची तयार गरी आर्थिक प्रस्ताव माग गरेको अवस्थामा प्रस्तावमा तोकिएको समय अवधिभित्र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ ।
४. सार्वजनिक निकायले आर्थिक प्रस्ताव मूल्याङ्कन पश्चात न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही प्रस्तावदातालाई खरिद सम्झौता गर्न बोलाएको अवस्थामा तोकिएको समय अवधिभित्र सम्झौता गर्नुपर्नेछ ।
५. शर्तहरूमा उल्लेख नभएका अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछन् ।
६. **फोन नम्बर** : ०३५-४२२२०२, **इमेल** : csidbudayapur@gmail.com



**Gandaki Province Government**

**Ministry of Physical Infrastructure Development & Transport Management**

## Infrastructure Development Office

**Kushma, Parbat**

## Re-Invitation for Bids

Date of publication: 2026-03-31 AD (2082-12-17 BS)

We invite online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Description | Contract ID | Estimated Amount with PS & VAT (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | Kaphalchaur - Mukhiyadanda Park and Radhachandra Chowk - Barahthan - Kaphalchaur Gupha Road, Kushma -3, Parbat | IDO/PAR/NCB/W/43/082-83 | 48,72,588.06 | 1,25,000 |

**Bid Document Fee:** NRs. 3,000

**Bid Submission Deadline:** 2026-04-15 AD (2083-01-02 BS) 12:00 PM

**Bid Opening Date :** 2026-04-15 AD (2083-01-02 BS) 1:00 PM

**Information to deposit the cost of bidding document in Bank:**

**Name of Bank :** Nepal Bank Limited, Kushma

**Office Code No. :** 3370142014

**Rajaswa Shirshak No. :** 14229

**Name of Office :** Infrastructure Development Office, Parbat

**Office Account No.:** 27302000001001000001

**For Office Chief**



## युएइमा रोजगार

कम्पनी : FURSAN SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१६ | LT. No. 335745 | चलानी नं. ६०२४९७६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Security Guards-PSBD | 0 | 8 | 2000 | ८१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Security Guard-PSBD | 126 | 0 | 2000 | ८१,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मितिः २०८२ चैत २४ गते (7th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083

**I.M.G. Nepal Pvt.Ltd.**

Lalitpur Metropolitian City-13,EKANTAKUNA, LALITPUR,

Ph. No: +977-015415570, 9851065124, 9767488184/9801166991, E-mail : imgnepal2@gmail.com,



## मलेसियामा रोजगार

कम्पनी : AKAR SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१६ | LT. No. 336472 | चलानी नं. ६०२५००२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1700 | ६३,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २४ गते (7th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431

Email:info@greenlight.com.np, Web: www.greenlight.com.np

श्रम इजाजत नं. 1365/074/75



## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST EMPLOYMENT TO MALAYSIA

कम्पनी : साइन्टेक्स सुकासा स्ट्रयापिङ एस. डिएन. बिएचडि

COMPANY: SCIENTEX TSUKASA STRAPPING SDN BHD

| Pre Approval Date : 2026-03-29 | चलानी नं. ६०२५३७०० | एल टि न. ३४०२५९ |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | Invoice No. 602253700 | LT. No. 340259 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलबः RM | मासिक तलबः ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Production Workers | 8 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६४,९०० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | २१००/– रोजगारदाता (Employer) 2100/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत २४ गते (7th Apr. 2025) मा हुनेछ ।

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यहोंने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यहोंनुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा help.chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**

1610/079/80

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698

Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सार्वजनिक सूचना

**प्रथम सूचना मिति : २०८२/१०/१४ गते**

**दोस्रो सूचना मिति : २०८२/१२/१७ गते**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखाभित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा प्रथम सूचना मिति २०८२/१०/१४ र दोस्रो सूचना मिति २०८२/१२/१७ सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम : मनिता घिमिरे**<br>**पति** : जयराम घिमिरे<br>**स.बाजे** : विष्णु प्रसाद घिमिरे<br>**ठेगाना** : जितपुर-५, काठमाडौ | **नाम : जयराम घिमिरे**<br>**बुबा** : विष्णु प्रसाद घिमिरे<br>**बाजे** : गुणनाथ घिमिरे<br>**ठेगाना** : जितपुर-५, काठमाडौं | जितपुर-५, काठमाडौं<br>वडा नं.५ छ<br>कि.नं. १४९, १५३<br>क्षेत्रफल : ०-६-१-०, ०-१३ -१-० |

**लिलामी तालिका :**

**मिति** : २०८३ बैशाख २१ गते, सोमबार

**स्थान** : संस्थाको कार्यालय

**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजेसम्म

**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका सर्तहरू :**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिनभित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**

डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३५७७९, ०१-४४३४३२०

Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रशासनिक सर्जरी र सुशासनको चुनौती

सरकारले हालै सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले नेपालको निजामती र सार्वजनिक प्रशासनमा लामो समयदेखि देखिएको संरचनागत भद्दापनलाई हटाउने एक साहसिक खाका प्रस्तुत गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ल्याएको यो प्रस्तावले करिब एक दर्जन सार्वजनिक निकायको खारेजी, केहीको गाभ्ने र कतिपयको कार्य जिम्मेवारी प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने सिफारिस गरेको छ। यो कदम केवल प्रशासनिक पुनर्संरचनामात्र नभई, राज्यको स्रोत र साधनको अनावश्यक दुरूपयोग रोक्ने एउटा महत्त्वपूर्ण 'सर्जरी' पनि हो ।

हाम्रो शासन प्रणालीमा एउटै प्रकृतिको कामका लागि समानान्तर संस्थाहरू क्रियाशील हुँदा काममा दोहोरोपन र उत्तरदायित्वमा अस्पष्टता रहँदै आएको छ । मार्गचित्रले नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई होटल व्यवस्थापन प्रतिष्ठान गाभ्ने, मुद्रणसम्बन्धी निकायहरूलाई एकीकृत गर्ने र विभिन्न स्वरोजगार कोषहरूलाई 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' मा समाहित गर्ने जुन प्रस्ताव गरेको छ, यसले कार्यकुशलता बढाउने निश्चित छ। विशेषगरी, तराई-मधेस समृद्धि कार्यक्रम र चुरे संरक्षणजस्ता आयोजनाहरूलाई प्रदेशमा हस्तान्तरण गर्ने प्रस्तावले संघीयताको मर्मलाई थप बलियो बनाउँछ ।

मार्गचित्रको सबैभन्दा प्रशंसनीयपक्ष भनेको सेवाग्राहीले भोग्दै आएका झण्झटिला प्रक्रियाको अन्त्य गर्ने आँट हो । वैदेशिक अध्ययनका लागि आवश्यक पर्ने 'नो अब्जेक्सन लेटर' (एनओसी) र वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृति प्रणाली खारेज गर्ने प्रस्ताव क्रान्तिकारी देखिन्छ । प्रविधिको युगमा कागजी अनुमति खोज्ने पुरानो शैलीले नागरिकलाई सास्तीमात्र दिएको थियो । यी व्यवस्था हटेमा राज्य र नागरिकबीचको सम्बन्ध थप सहज र विश्वासिलो बन्ने छ ।

यद्यपि, नेपालमा नीति र योजना बन्नु ठूलो कुरा होइन, त्यसको कार्यान्वयन सधैं फलामको चिउरा चपाउनुसरह हुने गरेको छ । विगतमा पनि विभिन्न प्रशासन सुधार आयोगहरूले यस्तै सिफारिस नगरेका होइनन्, तर राजनीतिक दबाब र कर्मचारीतन्त्रभित्रको स्वार्थ समूहका कारण ती दराजमै थन्किए । खारेजीमा परेका निकायका कर्मचारीको व्यवस्थापन र ती संस्थासँग जोडिएका राजनीतिक नियुक्तिहरू यस मार्गचित्र कार्यान्वयनका मुख्य तगारो बन्न सक्छन् ।

सुशासन केवल कागजी मार्गचित्रमा सीमित हुनु हुँदैन । सरकारले प्रस्ताव गरेका यी सुधारहरू कार्यान्वयन गर्न दह्रो राजनीतिक इच्छाशक्ति आवश्यक छ । यदि सरकारले यसलाई दृढताका साथ लागू गर्न सक्यो भने, यसले राज्यको प्रशासनिक खर्च कटौतीमात्र गर्ने छैन, बरु जनताले महसुस गर्ने गरी चुस्त र उत्तरदायी शासन प्रणालीको जग पनि बसाल्ने छ । अबको परीक्षा शब्दमा होइन, परिणाममा देखिनुपर्छ ।

# अर्थतन्त्र सुधारका लागि सरकारले गर्नुपर्ने काम



❑ गम्भीरबहादुर हाडा

"
आगामी पाँच वर्षभित्र नेपाललाई आयातमुखीबाट उत्पादनमुखी अर्थतन्त्रमा लैजान राष्ट्रिय प्राकृतिक स्रोत र मानव पुँजीको अधिकतम उपयोगतर्फ केन्द्रित हुनुपर्छ । विशेषगरी, साना तथा मझौला उद्यम व्यवसायको विकासमा केन्द्रित भएर प्रत्यक्ष रोजगारी सिर्जना गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ । यसका लागि युवा जनशक्तिलाई दक्ष बनाउन र उनीहरूको उद्यमशीलता विकास गर्न वित्तीय प्रोत्साहन र प्रविधिमा पहुँच सुनिश्चित गर्नुपर्छ । युवाको निराशालाई सम्बोधन गर्ने यो नै दीर्घकालीन र अपरिहार्य उपाय हो । जलविद्युत् र पर्यटन क्षेत्रको विविधीकरणमा पनि ध्यान दिइनुपर्छ ।

नेपाल सन् १९७१ देखि अल्पविकसित देश (एलडिसी)को सूचीमा थियो । सन् २०२६ नोभेम्बरमा नेपाल यस सूचीबाट स्तरोन्नति हुँदै विकासशील राष्ट्रको रूपमा प्रवेश गर्दै छ । यो नेपालको विकास यात्राको एउटा ऐतिहासिक कोसेढुंगा हो । नेपालले मानव सम्पत्ति सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकमा उल्लेखनीय सुधार गरेको छ तर नेपालले प्रतिव्यक्ति आयको मापदण्ड पूरा नगरीकनै स्तरोन्नति हुने पहिलो मुलुक बन्न लागेको छ, जसले नेपालको आर्थिक जग कमजोर रहेको संकेत गर्छ। एलडिसी स्तरोन्नतिपछि नेपालले पाउँदै आएको, अनुदान र सहुलियतपूर्ण ऋणमा कटौती हुने छ ।

नेपालीका लागि नेपालमै उत्पादित खाद्यवस्तुको कृषकहरूको उत्पादन, नेपाली अर्थतन्त्रको र हाम्रो समुदायमा यसको प्रयोग गर्ने आममानिस र तिनको स्वास्थ्यका लागिसमेत नेपालमा कृषि वन पद्धतिमा जैविक खाद्यान्न तथा जडीबुटीहरूको व्यावसायिक खेती उच्चस्तरीय औषधि उद्योगको आवश्यकता र औचित्य स्पष्ट छ । नेपालको हावापानी, भू-बनोट र भौगोलिक धरातल विश्वकै अनुपम नमूना धरोहरका रूपमा चिनिन्छ। उच्च हिमाली जडीबुटीदेखि लिएर समथर फाँटमा पाइने सबै प्राकृतिक सम्पदाहरू नेपाली भू-भागमा सजिलै पाइन्छ । जुन विश्वमै दुर्लभ मानिएका बोटबिरुवादेखि लिएर व्यावसायिक खेती गर्न सकिनेसम्म खेती गरिएका जडीबुटी छन् जसले विशेषगरी हिमाली र थोरै पहाडी कृषि जीवनमा महत्त्वपूर्ण योगदान दिइरहेको छ ।

हाम्रा वनजंगलमा पाइने जडीबुटीहरूलाई दिनुपर्ने संरक्षण र त्यसबाट हामीले लिन सक्नुपर्ने जति फाइदा लिन सकेका छैनौं । हामीले जडीबुटी संरक्षण, संवर्द्धन र संकलन गरी दिगो रूपमा राम्रो आम्दानी गर्न सक्ने अर्को भरपर्दो माध्यम सामुदायिक वन हुन सक्छ। सामुदायिक वन गरिबीको रेखामुनि रहेका पूरा ७५ प्रतिशत किसानहरूको दैनिकीसँग जोडिएको जीविकोपार्जनको एक प्रमुख आधार हो । कबुलियती र सामुदायिक वन जसलाई भूमिहीन किसानले अझ बढी सदुपयोग गर्न सक्छन् ।

नेपाल प्राकृतिक स्रोतसाधन सम्पन्न भूमि भए पनि यसको सदुपयोग हुन नसक्दा दिन दुई गुना, रात चार गुना प्राकृतिक स्रोतहरू जस्तैः काष्ठ तथा गैरकाष्ठ वन पैदावार, जडीबुटी, वन्यजन्तु तथा बहुमूल्य वनस्पतिहरू, पानीका मुहानलगायतका प्राकृतिक स्रोतहरू ह्रास हुँदै गएका छन् । देशको राजनीतिक दुरावस्थाले गर्दा विगत १० वर्षको तुलनामा हाम्रा जंगली स्रोतहरूको उत्पादनमा २५ प्रतिशत ह्रास आउनुका साथै गुणस्तरहीन बन्दै गएका छन् । त्यसैले संरक्षण एवं उत्पादनमा किसानले आ-आफ्नो क्षेत्रमा आफ्नै नेतृत्वमा आफैं परियोजना सञ्चालन गर्नुका साथै गराउनु सबैभन्दा उत्तम हुन्छ । यस सन्दर्भमा यसको व्यापारमात्र गरेर सुपथ मूल्य र दिगो व्यवस्थापन सम्भव छैन । किनकि स्रोत खुम्चिँदै र उत्पादन घट्दै गएको छ भने गुणस्तरीय उत्पादनको माग वृद्धि हुँदै गइरहेको छ । यसै अवस्थाबाट प्राकृतिक जडीबुटीहरूको स्रोत मासिँदै जाने हो भने वि.सं. २१०० सम्म पुग्दा नेपालबाट संकलित जडीबुटीको निर्यात शून्य अवस्थामा पुग्छ । त्यसैले यसको स्रोत जोगाइराख्ने हो, मानव समाजलाई बचाइराख्ने हो र रोजगारी, आर्थिक वृद्धि, प्राकृतिक संरक्षण र विश्वासको दीर्घकालीन व्यापार गर्ने हो भने उच्च गुणस्तरीय खाद्यान्न, वन पैदावारको प्रयोग र औषधि बनाउन सबैभन्दा पहिले दिगो उत्पादन र त्यसको न्यायोचित व्यवस्थापनका लागि कदम चाल्नुपर्ने हुन्छ ।

आर्थिक वर्ष २०८२/८३ को सात महिनामा कूल वस्तु निर्यात ३२.२ प्रतिशतले बढेर एक खर्ब ६८ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ४६.५ प्रतिशतले बढेको थियो । गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः ४०.३ र ९.४ प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यात ५५.३ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा कूल वस्तु व्यापारघाटा १०.९ प्रतिशतले बढेर नौ खर्ब ५५ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ६.२ प्रतिशतले बढेको थियो ।

आगामी पाँच वर्षभित्र नेपाललाई आयातमुखीबाट उत्पादनमुखी अर्थतन्त्रमा लैजान राष्ट्रिय प्राकृतिक स्रोत र मानव पुँजीको अधिकतम उपयोगतर्फ केन्द्रित हुनुपर्छ । विशेषगरी, साना तथा मझौला उद्यम व्यवसायको विकासमा केन्द्रित भएर प्रत्यक्ष रोजगारी सिर्जना गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ । यसका लागि युवा जनशक्तिलाई दक्ष बनाउन र उनीहरूको उद्यमशीलता विकास गर्न वित्तीय प्रोत्साहन र प्रविधिमा पहुँच सुनिश्चित गर्नुपर्छ । युवाको निराशालाई सम्बोधन गर्ने यो नै दीर्घकालीन र अपरिहार्य उपाय हो । जलविद्युत् र पर्यटन क्षेत्रको विविधीकरणमा पनि ध्यान दिइनुपर्छ। ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादनलाई देशभित्रको खपतका लागिमात्र र केवल क्षेत्रीय बजारमा प्रवेश गर्ने रणनीतिको सोचबाट माथि उठ्नुपर्छ । बरु, भविष्यमा सतप्रतिशत हरित ऊर्जा र हाइड्रोजन अर्थतन्त्रको जग बसाल्नुपर्छ, जसले नेपाललाई ऊर्जा क्षेत्रको 'ग्लोबल हब' बनाउने छ। साथै, परम्परागत ट्रेकिङ पर्यटनबाट माथि उठेर उच्च मूल्यका र दीर्घकालीन बसोबासलाई प्रोत्साहन गर्नुपर्छ।

नेपालको आर्थिक भविष्यको अर्को बलियो खम्बा भनेको 'हिमालयन इकोनोमी'को वैज्ञानिक व्यवस्थापन र जलवायु एजेण्डाको अन्तर्राष्ट्रियकरण हो । हाम्रा हिमालहरू केवल पर्यटकीय गन्तव्यमात्र होइनन् । बरु यो राष्ट्रको सबैभन्दा ठूलो सामारिक आर्थिक रिजर्भ' हुन् । उच्च हिमालय क्षेत्रमा पाइने जडीबुटीलाई स्वदेशमै प्रशोधन केन्द्रहरू स्थापना गरी प्रिमियम हिमालयन मेडिसिनका रूपमा विश्व बजारमा लैजाने नीति लिनुपर्छ ।

नेपालको अर्थतन्त्रमा देखापरेका बाधा, समस्या तथा चुनौतीहरूलाई समाधान गर्ने उपायहरूमा उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी कृत्रिम अभाव सिर्जना हुने परिस्थितिको अन्त्य गर्ने, विश्व बजारमा सम्भाव्य प्रतिस्पर्धी वस्तुको उत्पादन बढाइ निकासी प्रवर्द्धन गर्ने, उपभोक्ता हित संघ, प्रदेश र स्थानीय स्तरमा अनुगमन संयन्त्र निर्माण गरी प्रयोगमा ल्याउने, उपभोक्ता सचेतना अभिवृद्धि गर्न विद्यालय शिक्षाको माध्यमिक तहमा उपभोक्ता शिक्षालाई समावेश गर्ने । धेरै स्थानमा मौसम मापन केन्द्र स्थापना गरी भरपर्दो सूचना प्रणालीको स्थापना र पूर्वसूचनाको आदानप्रदान गरी कृषिमा सहजीकरण र जलवायुजन्य विपद्बाट हुनसक्ने नोक्सानी कम गर्ने उपाय अवलम्बन गरिनुपर्दछ ।

मास ट्रान्सपोर्टेसनयुक्त सार्वजनिक यातायातलाई सरल भरपर्दो बनाई निजी सवारीसाधनलाई निरुत्साहन गर्ने र विद्युतीय सवारीको प्रयोगलाई बढावा दिने । नीति निर्माण तहमा निकै चर्चा गरिने गरेको कार्बन व्यापार तथा अन्तर्राष्ट्रिय जलवायु वित्तबाट लाभ लिन प्रभावकारी जलवायु कूटनीति, पूर्वसर्त तयारी, संस्थागत क्षमता विकास र तत्परता साथै जवाफदेहिता बढाउने प्रणालीको विकास आवश्यक रहेको छ। अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना र कार्यक्रम छनोट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी उत्पादनमूलक तथा स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्ने प्रतिफलमुखी योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्छ।

स्थानीय तहको वित्तीय लेखांकनमा प्रयोग भएको सूत्र सफ्टवेयरमा थप परिमार्जन गरी सबै पालिकाले पूर्णरूपमा प्रयोग गर्ने र लेखा राख्ने जनशक्तिको क्षमतासमेतको अभिवृद्धि गरी उक्त प्रणालीबाट तयार हुने वित्तीय प्रतिवेदनले स्थानीय तहको सबै कारोबार समेटी यथार्थ चित्रण गर्न सक्ने बनाउनुपर्छ । वित्तीय जवाफदेहितासम्बन्धी कानुन निर्माण गरी इमान्दारीपूर्वक कार्यान्वयन गर्ने, सार्वजनिक खरिद प्रणालीमा सुधार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने, बेरुजु र भ्रष्टाचारबीच सीमांकन गर्ने आदिजस्ता कार्यहरू गर्नु आवश्यक छ।

करको जोखिमलाई कम गर्ने अर्को उपाय भनेको करदाताहरूको कारोबारका आधारमा वर्गीकरण गर्नु पनि कर प्रशासनमा सुधारको महत्त्वपूर्ण आधारशीला हो । खासगरी कर जोखिमलाई कम गर्न र महत्त्वपूर्ण करदातालाई विशेष रूपमा सेवा दिन करदाताहरूको वर्गीकरण गरिन्छ । करदाता वर्गीकरण जोखिम व्यवस्थापनको पनि एउटा कारण र उपाय हो। कर सुधारको सन्दर्भमा छलफल गर्दा कुनै कर प्रशासनको संगठन कार्यमूलक छ कि छैन भन्ने आधारमा पनि हेर्नुपर्ने हुन्छ। संगठनलाई जति बढी कार्यमूलक बनाउन सक्यो, त्यसको नतिजा वा कार्यसम्पादन त्यति नै प्रभावकारी हुन्छ ।

नेपालको कर प्रशासनको संगठन कार्यमूलक छ र यसलाई कार्यमूलक बनाउन यसमा प्रयोग गरिने कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीले पनि सहयोग पुऱ्याएको छ। कर लगाउने र उठाउने विषय एकातिर चुनौतीपूर्ण त छँदै छ, अर्कोतिर कसलाई कर लगाउने र कसलाई कर नलगाउने भन्ने कुरा पनि उत्तिकै ख्याल गर्नुपर्ने विषय हो । कर प्रशासनले कसैलाई पनि कर लगाउने विषयमा पक्षपात गर्नु हुँदैन । सबैलाई समान र निष्पक्ष व्यवहार प्रदर्शन गर्दछ । यस्तो समता र स्वच्छता प्रदर्शन भएन भने करदाताले कर तिर्ने व्यवहारमा परितर्वन गर्न सक्छ। यसबाट करदाताबीच असमानता बढ्छ। कर प्रशासनले समान कर निर्धारण र संकलनमा समान व्यवहार प्रस्तुत गर्नुपर्दछ। उपभोक्ता हित संरक्षणका लागि तीन तहका सरकारको क्षेत्राधिकारको स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहन आएको छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- कराररबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।






✍ बैकुण्ठ भण्डारी

## गुँडमा माउ-बाउको बिचल्ली !

रात छिप्पिँदै गएको छ। पूर्णिमा नजिकिँदै गरेको भए पनि जून देखिएको छैन । बादलले आकाश ढाकेकाले पनि जून लुकिरहेको छ । चैतमा चिसो हावा अनि सिमसिम पानी परिरहेको छ । बस्तीका मानिसहरूले चुपचाप आफ्नो दैलो बन्द गरिसकेका छन् ।

अधिकांशले त एक गाँस तातो खाएर भ्याङ उक्लिसकेका छन् । आज के होला वा भोलि के होला ? भन्दै हरेक घरका व्यक्ति हातमा भएको मोबाइलको स्क्रिनमा आँखा तानीतानी हेरिरहेका छन् । चुनाउ सकिएपछि पहिलेपहिले त विजयोत्सव नै मनाउँथे । तर अहिले त खुसुक्क आएर लुसुक्कै सरकार बनिसकेको थियो । यो वा त्यो कारणले होइन । जनमतको कदरअनुरूप नै बाहिर जे देखियो त्यही नै स्वीकार गर्नुपर्ने अवस्था पनि थियो ।

जे कुराको पनि समय हुन्छ। साइत हुन्छ। अब साइत जुराएर काम गर्न थालेपछि त्यसले पक्कै पनि फल त राम्रै हात पार्ला भन्ने त हो । त्यही भएर पनि संस्कार भुल्नु पनि अन्याय नै हुन्छ ।

हजुरबाहरूलाई खाटमा सुताएर नाति केटाहरू रातभर जागा देखिए । मध्यरातमा पूर्वशक्तिशालीहरूका घरभित्र क्रमशः सत्ता जाग्न थालिसकेको छ । उसबेला भन्थे- अहिले पाप गऱ्यो भने अर्को जुनीमा सास्ती पाइन्छ !

तर होइन, अहिले गरेको अपराधको अहिले नै सजाएँ हुन्छ भन्ने भाष्य निर्माणमा लागिरहेको देखिन्छ। ढोका खित्रिंग गऱ्यो । 'भित्र कोही छ ? ढोका खोल्नुस् त !'

भित्रका मानिसहरू झसंग भए । यति राति को आयो ? कसैलाई समस्या पो परेछ कि क्या हो ? तर होइन, फौजी पोसाकका मानिस देखिएपछि मन चसक्क त हुने नै भो नि !

पद, शक्ति र यौवन सधैं कहाँ पो अडिन्छ र ? नदी बगेजस्तै बगिरहन्छ निरन्तर । त्यसैले पनि होला कसैलाई जंगबहादुर बन्न मन लाग्ने । कसैलाई बहादुर नै बन्न मन लाग्ने। अनि कसैलाई जंगलको सिंहजस्तै लाग्ने ! सत्ताको उन्मादले आफैंलाई खाल्डो खन्छ भन्ने कुरा बेलैमा होस पुऱ्याउनुपर्छ नि ! रामराज्य बनाउँछु भन्ने रामलाई त वनबास जानुपरेको थियो । सुग्रिवले नै रामसँग मिलेर बालीलाई नाश गरेको थियो । राजकाज त्यागेर जंगल हिँडेका रामसँग मिलेर सुग्रिवले बालीलाई मारेको थियो नि ।

बाली र सुग्रिवको कथामा जस्तै गुँडमा माउ र बाउको बिचल्ली भइरहेको थियो । जसरी जंगलमा सिकार खेल्नेहरूले सिकार नपाएपछि जे पनि गर्छ भनेजस्तै हो । प्रतिशोध, रिसइबी अहंकारले नै विनास निम्त्याउँछ भनेजस्तै होइन र ! लंका जसरी खरानी भयो । जंगल पनि त्यही खरानीको भुमरीमा नपरोस् भन्दै ।

गाउँघरमा उखानै छ नि- 'कहिले सासूको पालो, कहिले बुहारीको पालो ।' पहिले सासूले बुहारी कजाएकी थिइन् । अहिले बुहारी सासु बनेर बुहारी कजाउँदै छिन्। आखिर कजिनुपर्ने त बुहारी नै रहेछ नि ! अहिले अवस्था उस्तैउस्तै देखिएको छ ।

सत्ताको उन्मादले अहिले सिकार खेल्ने प्रयत्न भयो भने !

गुँडमा माउ र बाउको अवस्था के होला ?

छिप्पिसकेको रातपछिको सुनसान अनि फेरि बिहानीको पर्खाइमा रुखको टोड्कामा बसेका चराचुरुंगीको चिरबिर । सिकार खेल्नेहरू पनि सायदै जंगलतिर हराएर हो कि वा सिकार नपाएर हो। सऱ्याक-सुरुक्क गर्दै थिए। जंगलको छेउको घरमा फौजी देखिएपछि गुँडमुलि डराए।

रातभर जंगलमा सिकार खेल्नेहरूले हल्ला गरिरहेका थिए। सिंहको गर्जन निकै ठूलो सुनिएको थियो । सायद सिकारीले गज्जबकै सिकार पाएर दंग परेजस्तै । ढोकाको प्वालबाट चियाएर हेर्दा अवस्था त्यत्ति सहज भने थिएन । माउको वरपर बसिरहेकाहरू च्यार्रचुर्र गर्न थाले । बिहानीको मिर्मिरे हुँदै थियो। गुँडबाट माउ नै उठाएर लैजाने प्रयास फौजी किराहरूले गर्दै थिए। कोही चिच्याउँदै थिए। कोही ढोकामा बलियो चुकुल लगाउँदै थिए। तर फौजी किरा न परे । जस्तोसुकै मूल्य चुकाएर भए पनि गुँडको माउ लैजानु नै थियो ।

फौजी किराले वरिपरिबाट घेरा हाले र गुँडबाट माउ लिएर गए । आफ्ना माउ र बाउ जोगाउन बचेराहरू किन पछि पर्थे र ! फौजी किरालाई बलजफत गर्ने, घेरा हाल्ने वा ङ्चार्र ङ्चार्र गर्न थालिसकेका थिए । सूर्यको उज्यालो घाम आउन कठिन भइरहेको थियो । बादलले सूर्यलाई छोपिरहेको थियो। खुल्न सकिरहेको थिएन ।

आकाश पनि संकटको संकेत गरिरहेको थियो । किनकि, सधैं मिर्मिरेमै उज्यालो हुनुपर्ने गुँडबाट माउ नै लिएर गएपछि रुखका पातहरू पनि मौन थिए । आकाश अझै धुम्म परेर बसिरहेको थियो । खुल्नै सकिरहेको थिएन वा मानिरहेको थिएन । ऊ पनि बेसहारा बन्दै गएको थियो। हुन पनि पूर्णिमाको उज्यालो जून र औंसीको रात क्रमशः पालैपालो त आउँछ नै। कुमालेको चक्र घुम्छ भनेजस्तै त हो !

'जुन जोगी आए पनि कानै चिरेका' भनेजस्तो नहोस् । गुँडका वरपर रहेका चराचुरुंगी पनि भुर्रभुर्र उडेर अन्तै लागे। चारा खुवाउने बेलामा सिंह गर्जेर बेसुर बचेराहरूलाई च्यापेपछि सिकारीको जालबाट जोगाउन के सक्थे र बचेराहरूले ! माउले ख्याल नगर्दा बाउहरूको पनि त बदनाम हुन्छ नि । अनि बाउले बेचराहरूलाई न्याय नगर्दा गुँड भत्किन कति बेर पो लाग्छ र ? माउ र बाउको त ढल्केको समय त हो ! खुट्टा र पखेटा कहाँ लाग्छ र ? तिनै बचेराहरूले यता र उता चिथोर्दा चिर्थोदै गुँड प्वाल पर्छ अनि त्यही गुँडका अल्झेर झुण्डिनुको विकल्प नै नहुने ।

न पखेटाले काम गर्न सकेको छ, न त खुट्टाले नै साथ दिएको छ ! अब त तुन्द्रुंग झुण्डिएर गुँडमा अड्किनुको विकल्प नै छैन !

# विद्यार्थीलाई कामको संसार चिनाउँदै सूर्योदय

**इलाम–** सूर्योदय नगरपालिकामा 'विद्यार्थीलाई कामको संसार चिनाउने' कार्यक्रम सुरुआत गरिएको छ । दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) को सहकार्य तथा हेल्वेटास नेपालको प्राविधिक सहयोगमा कार्यक्रम सुरु गरिएको नगरपालिकाका कार्यवाहक नगरप्रमुख दुर्गाकुमार बरालले बताए ।

'विद्यार्थीलाई कामको संसारबारे जानकारी गराउने, उनीहरूलाई आफ्नो रुचि, क्षमता र सम्भावनाअनुसार पेसा वा व्यवसाय छनोट गर्न प्रेरित गर्ने तथा व्यावहारिक ज्ञान प्रदान गर्ने लक्ष्य राखिएको छ,' उनले भने, 'विद्यार्थीलाई कामप्रतिको सम्मानको भावना विकास गराउनुका साथै भविष्यमा रोजगारीका लागि आवश्यक पर्ने व्यावहारिक तथा प्राविधिक सीपका बारेमा जानकारी गराउन कार्यक्रम आयोजना गरिएको हो ।'

नगरपालिकाभित्रका आठ विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीका लागि कार्यक्रम भइरहेको छ। 'बौद्धधाम, कृष्णाश्रम, सिंहदेवी, फिक्कल, कर्फोक, जनक, सरस्वती र ज्योति माध्यमिक विद्यालयका विद्यार्थीलाई यो अभियानमा सहभागी गराइएको छ।' शिक्षा शाखा प्रमुख योगनिधि भट्टराईले भने, 'यस कार्यक्रमले विद्यार्थीलाई कामको संसार, विभिन्न पेसा तथा रोजगारीका अवसर, उद्योग तथा कम्पनीको कार्यप्रणालीलगायतका विषयमा व्यावहारिक जानकारी प्रदान गर्ने लक्ष्य छ ।'




कार्यक्रमअन्तर्गत विद्यार्थीलाई उद्योग तथा व्यवसायको भ्रमण, स्थानीय व्यवसायी तथा विज्ञहरूसँग अन्तर्क्रिया, प्रेरणादायी अनुभव आदानप्रदान, बायोडाटा लेखन, अन्तर्वार्ता तयारी, प्रभावकारी सञ्चार सीप तथा उद्यमशीलता विकाससम्बन्धी विभिन्न गतिविधिमा सहभागी गराइने सामाजिक विकास समिति संयोजक डिकबहादुर बम्जनले बताए । यसबाट विद्यार्थीलाई विद्यालयमा प्राप्त हुने सैद्धान्तिक शिक्षासँगै व्यावहारिक अनुभव पनि प्राप्त हुने अपेक्षा गरिएको उनले बताए ।

सहयोगी संस्था इन्स्योरकी प्राविधिक अधिकृत रिसु श्रीवास्तवाका अनुसार यस्तो कार्यक्रमले विद्यार्थीलाई आफ्नो रुचि, क्षमता र सम्भावनाअनुसार भविष्यको करिअर निर्धारण गर्न सहयोग पुऱ्याउने छ । साथै, विद्यार्थीमा उद्यमशील सोचको विकास गर्दै रोजगारी सिर्जना गर्न सक्ने क्षमताको विकास गर्ने विश्वास गरिएको छ ।

विद्यालयस्तरमै विद्यार्थीहरूलाई कामको वास्तविक संसारसँग परिचित गराउने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमले विद्यार्थीको सोच, दृष्टिकोण तथा भविष्यप्रतिको तयारीमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको कर्फोक क्याम्पसका प्रमुख गोपाल कट्टेलले बताए ।

१४ वटा वडा रहेको पूर्वी पहाडकै ठूलो नगर सूर्योदयमा सामुदायिक, गुरुकुल र गुम्बा गरी ६६ विद्यालय छन् । नगरमा ३१ संस्थागत र गुठीबाट सञ्चालित एक विद्यालय छन् । नगरले आधारभूत तथा माध्यमिक शिक्षा ऐन-२०७६ तयार गरी लागू गरेको छ । 'नगरका सबै आधारभूत तहका सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी माध्यममा पढाइ भइरहेको छ,' नगरपालिकाका प्रवक्ता ध्याम भुजेलले भने, 'सबै विद्यालयमा इन्टरनेट, कम्तीमा एउटा कम्प्युटर र प्रिन्टर व्यवस्था गरिएको छ । तर, कागज प्रयोग निरुत्साहित गरिँदै छ ।'

नगरले ल्याएको '१२ महिना-१२ कार्यक्रम'अनुसार हरेक महिना शिक्षक र विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ। स्थानीय पाठ्यपुस्तकका रूपमा 'हाम्रो सूर्योदय' अहिले कक्षा १ देखि ५ सम्म पढाइ भइरहेको छ । नगरले विद्यालयका लागि आर्थिक व्यवस्थापन कार्यविधि कार्यान्वयन गरेको छ भने विद्यालय कार्यसम्पादन निर्देशिकासमेत लागू गरिएको भुजेलको भनाइ छ । गणितको नतिजा सुधार्न नगरले 'गणितसँग खेलौं, गणितीय धारणा बनाऔं' अवधारणासहित छुट्टै अभ्यास पुस्तिकासमेत वितरण गरेको छ । विज्ञान र गणित एकीकृत रूपमा शिक्षण गर्न माध्यमिक विद्यालयमा विज्ञान र आधारभूतमा गणित प्रयोगशाला स्थापना गरिएको छ ।

गरिब तथा जेहेन्दार बुहारी र छोरीहरूलाई नगरले स्नातक तहमा छात्रवृत्ति दिएको छ । नगरका २४ सामुदायिक विद्यालयमा ई-हाजिरी जडान भई नगरबाटै अनुगमनको व्यवस्था मिलाइएको छ । अभिभावकलाई समेत परिचयपत्र व्यवस्था गरिएको छ । वर्षमा कम्तीमा चारपटक विद्यालय गएर पठनपाठन र शैक्षिक अवस्थाबारे अभिभावकले पनि अन्तरक्रिया गर्ने गरेका छन् । धूलोरहित कक्षाकोठा, बालमैत्री र अपांगतामैत्री संरचना निर्माण भइरहेको छ भने शिक्षक-कर्मचारीलाई श्रम ऐनअनुसार सुविधा उपलब्ध गराउन नगरले प्रोत्साहन रकम नै थपेको छ ।

विद्यालयमा बालबालिका टिकाउन र बचत गर्ने बानी विकास गर्न बैंकमा कक्षा १ देखि ५ सम्मका बालबालिकाको बचत खाता खोलिएको छ । नगरलेसमेत थपिदिने बचत रकमले बालबालिकालाई उच्च शिक्षा अध्ययनका लागि सहयोग पुऱ्याउने लक्ष्य राखिएको नगर कार्यपालिका सदस्य लत्ता अधिकारीले बताइन् । *रासस*

# बाँदरपीडित किसान कृषि औजारसहित प्रदर्शनमा



**खोटाङ–** बाँदरपीडित किसानले सोमबार कृषि औजारसहित सदरमुकाम दिक्तेल बजारमा विरोध प्रदर्शन गरेका छन् । बाँदर नियन्त्रणको भरपर्दो उपाय खोजी गर्न सरकारसमक्ष माग गर्दै किसानहरूले हलो, जुवा, दाँते र कोदालोसहित सोमबार प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा उत्रिएका किसानले 'सबै किसान एक होऔं, बाँदरको समस्या समाधान गर, हाम्रो माग पूरा गर, राष्ट्रको सान किसानको सम्मान' भन्ने नारासमेत लगाएका थिए । सो प्रदर्शनपछि प्रमुख जिल्ला अधिकारी रेखा कँडेललाई ज्ञापनपत्र बुझाउँदै खेतबारीमा बितण्डा मच्चाउने बाँदरलाई तारजालीको खोरमा थुन्ने तथा परिवार नियोजनको व्यवस्था गर्न किसानले माग गरेका छन् । ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी कँडेलले सम्बन्धित निकायमा ज्ञापनपत्र पुऱ्याएर सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

२०७५ फागुनमा पनि बाँदर नियन्त्रण तथा व्यवस्थापन समितिको पहलमा विभिन्न राष्ट्रिय निकुञ्जमा पुऱ्याउने योजनासहित भारतको खुसीनगर उत्तरप्रदेशका पेसेवर सिकारी झिकाएर दर्जनौं बाँदर समातिएको थियो । यद्यपि, नियन्त्रणमा लिइएको बाँदर निकुञ्जमा लैजानअगावै समातेर राखेकै ठाउँमा मरेको बताइएपछि पशु अधिकारकर्मीले चासो देखाउँदा कानुनी जटिलता आइपरेको थियो । *रासस*

# संकटमा कञ्चनपुरको बैजनाथ मावि

**कञ्चनपुर–** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-६ कसरौलस्थित बैजनाथ माध्यमिक विद्यालयमा जीर्ण भवन, कक्षाकोठा अभाव र शैक्षिक स्रोतसाधनको कमीका बीच सञ्चालन हुँदै आएको छ । विद्यालयका अधिकांश भवन जस्तापाताले बनेका र जीर्ण अवस्थामा रहेकाले वर्षायाममा पानी चुहिने समस्या हुँदा कक्षा सञ्चालनमा कठिनाइको सामाना गर्दै आएको छ ।

तीन दशकअघि स्थापना भएको यस विद्यालयले हालसम्म १२ वटा ब्याच कक्षा १२ उत्तीर्ण गराई निजामती सेवा, शिक्षण र सुरक्षा निकायजस्ता महत्त्वपूर्ण क्षेत्रमा पठाइसकेको छ । इतिहास बोकेको यो विद्यालय आज आफ्नै भवन र शिक्षक दरबन्दीका लागि संघर्ष गरिरहेको छ ।

विद्यालयको सबैभन्दा ठूलो चुनौती नै यसको भौतिक संरचना बनेको छ । विद्यालयमा रहेका १० वटा भवनका २६ कोठामध्ये हाल १८ वटामात्रै कक्षा सञ्चालनका लागि प्रयोगमा छन् । 'अधिकांश भवनका छाना जस्तापाताका छन्, वर्षातको समयमा पानी चुहिएर कक्षाकोठा भित्रै बस्न र पढाउन निकै अप्ठ्यारो हुन्छ,' विद्यालयका प्रधानाध्यापक खेमराज अवस्थीले भने । उनका अनुसार टिनको छानोमुक्त पक्की भवन दुईवटामात्रै रहेका छन् । त्यसमा विद्यालयका पूरै विद्यार्थीलाई उचित रूपमा बसाल्नसमेत समस्या छ । पुराना भवन जीर्ण हुँदै जाँदा विद्यार्थीको सुरक्षामा जोखिम बढेको छ ।

भौतिक पूर्वाधारमात्र नभई विद्यालयमा माध्यमिक तहमा विद्यार्थीको अनुपातअनुसार ऐच्छिक विषयका शिक्षक दरबन्दी नहुनु अर्को ठूलो चुनौतीका रूपमा रहेको छ । विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित नहुँदा र आवश्यक सामग्रीको अभावले गर्दा विद्यार्थीको प्रयोगात्मक सिकाइ प्रभावकारी हुन सकेको छैन । 'हामीले आधुनिक प्रविधिको प्रयोग गर्न सकेका छैनौं, जसले गर्दा विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत हुनसकेको छैन,' प्रधानाध्यापक अवस्थीले थपे ।

विद्यालयको स्वामित्वमा सात बिघाभन्दा बढी जग्गा रहे पनि यसको सुरक्षा पक्ष निकै कमजोर देखिएको छ । विद्यालय परिसर पूर्णरूपमा घेराबार नहुँदा अवाञ्छित गतिविधि हुने गरेको र विद्यालयका सामग्री सुरक्षित राख्न कठिन भएको विद्यालयले जनाएको छ ।

अझ दुःखद कुरा त, विद्यालयको दक्षिण र पश्चिमपट्टिको फिल्डबुक कायम जग्गा अतिक्रमणको चपेटामा परेको छ । यस अतिक्रमणलाई रोक्न सरोकारवालाको पटक-पटक ध्यानाकर्षण गराउँदा पनि हालसम्म कुनै ठोस समाधान हुन नसकेको प्रधानाध्यापक अवस्थी बताउँछन् ।

विद्यालयले समयको मागअनुसार अंग्रेजी माध्यमबाट अध्यापन गराउन र प्राविधिक विषयका लागि निजी स्रोतबाट शिक्षकहरू नियुक्त गरेको छ । केजी कक्षादेखि अंग्रेजी माध्यमका लागि र माध्यमिक तहमा अर्थशास्त्र तथा कम्प्युटर विषयका लागि शिक्षक राखिए पनि उनीहरूलाई समयमा तलब खुवाउन विद्यालयलाई आर्थिक अभाव रहेको छ । तीन बिघा जग्गा भाडामा दिएर आउने वार्षिक ६५ हजार रूपैयाँले यति धेरै खर्च धान्न असम्भव रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामशाह रानाले बताए ।

उनका अनुसार विद्यालयमा हुने अन्य विभिन्न शैक्षिक कार्यक्रमका लागिसमेत आर्थिक अभाव हुने भएकाले नियमित स्रोत व्यवस्थापनका लागि अभिभावकहरूसँग सहयोगको अपेक्षा राखेको छ । हाल यस विद्यालयमा ३४२ विद्यार्थी अध्ययनरत छन् । जसमा छात्रा १९५ र छात्र १४७ रहेका छन् । चुनौतीका बाबजुद विद्यालयले शैक्षिक गुणस्तर कायम राख्न प्रयास गरिरहेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष रानाले बताए ।

गत वर्षको कक्षा ८ को परीक्षामा सहभागी ६४ मध्ये ५६ जना उत्तीर्ण भएका थिए भने एसइईमा ५४ मध्ये २६ र कक्षा १२ मा ४४ मध्ये ३४ जना सफल भएका थिए । यो विद्यालय यस क्षेत्रको पुरानो र प्रतिष्ठित शैक्षिक संस्थाका रूपमा रहेको छ । *रासस*


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं**
**जि.पि.ओ. बक्सः २३१७०**
**फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७**
**Web: www.manjushreefinance.com.np**
**Email: info@manjushreefinance.com.np**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/१२/१७ गते**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : सन्ध्या सुब्बा**<br>बाबु : उदय कुमार सुब्बा<br>पति : नगेन्द्र श्रेष्ठ<br>ना.प्र.नं.: २०९४६/२२९४६<br>जारी मिति : २०५१/०१/१८, जि.प्र.का., सुनसरी<br>ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा./गा.वि.स. वडा नं. ०४, हाल : काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०७ ।<br>**(कर्जाको प्रकार : आवास कर्जा)** | **व्यक्तिगत जमानिकर्ता : नगेन्द्र श्रेष्ठ**<br>बाबु : गोपीलाल श्रेष्ठ<br>बाजे : गौरी मान श्रेष्ठ<br>ना.प्र.नं. : ४५३/२०९३५<br>जारी मिति : २०४८/०६/०२, जि.प्र.का., मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला हरैचा उ.म.न.पा./गा.वि.स. वडा नं. ०४, हाल : काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०७ । |
| **व्यक्तिगत जमानिकर्ता : एरिका श्रेष्ठ**<br>बाबु : नगेन्द्र श्रेष्ठ<br>बाजेः गोपीलाल श्रेष्ठ<br>ना.प्र. नं.: २७-०१-७८-००३८९<br>जारी मिति : २०७८/०३/१०, जि.प्र.का., काठमाण्डौं<br>ठेगानाः काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ०७ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>**सन्ध्या सुब्बा**को नाममा मा.पो.का. चावहिल, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, चपलि भद्रकाली गा.वि.स./न.पा. वडा नं. ०९, नक्सा सिट नं. १०२०९०८११ स्थित कि.नं. २० को क्षेत्रफल १७७.३० व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| **२) ऋणीको नाम** : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगञ्जमा मिति २०७४/०५/२९ गते, प्रा.फ.र.नं. २७३४२/०७४/०७५ भई, स्थायी लेखा नं. ६०५०२९७०७ भई बाँके जिल्ला कोहलपुर न.पा वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **हिमांशी मेडिसीन डिष्ट्रव्युटर्स**<br>**(प्रोप्राईटर : ध्रुव जंग शाह)**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा तथा पदमा शाहीको नाममा आवाश कर्जा समेत ।** | **ऋणीको/व्यक्तिगत जमानिकर्ता : ध्रुव जंग शाह**<br>बाबु : भक्त बहादुर शाह<br>बाज : लाल बहादुर शाह<br>ना.प्र.नं.: ८८१७४/१६६२<br>जारी मिति : २०५२/११/२८<br>जि.प्र.का.: दैलेख<br>ठेगाना : दैंलेख जिल्ला बाँसी गा.वि.स. वडा नं. ४ को परिवर्तित महावु गा.पा. वडा नं. ३ |
| **ऋणी/व्यक्तिगत जमानिकर्ता : पदमा शाही**<br>बाबु : खडग बहादुर शाही<br>पती : ध्रुव जंग शाह<br>ना.प्र.नं.: ३१३१<br>जारी मिति : २०५५/०२/२५<br>जि.प्र.का.: बाँके<br>ठेगाना : बाँके जिल्ला नेपालगंञ्ज न.पा. वडा नं ५ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>**पदमा शाहीको** नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला कोहलपुर न.पा. वडा नं ०३, नक्सा सिट नं. ३क स्थित कि.नं. १५६० को क्षेत्रफल ३३८.६३ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

| | |
|---|---|
| **३ (क) ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७७/१२/०३ गते, प्रा.फ.द.नं. १७४७/१००८७/०७७/०७८ भई, स्थायी लेखा नं. ६०३४५३३१५ भई बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री ममता पोल्ट्री फर्म**<br>**उद्योगी/सञ्चालकको नाम : रुप माया गौतम**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**<br><br>**(ख) ऋणीको नाम : टाक्पा लामा र रुप माया गौतम**<br>**कर्जाको प्रकार : आवास कर्जा** | **उद्योगी/सञ्चालक/व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : रुप माया गौतम**<br>बाबु : जगत बहादुर गौतम<br>पति : टाक्पा लामा<br>ना.प्र.नं. : ४६७/५६४७<br>जारी मिति : २०४२/०६/१३, जि.प्र.का. : बाँके ।<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज न.पा वडा नं. १६ ।<br>हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ ।<br><br>**व्यक्तिगत जमानिकर्ता : तेजश लामा**<br>बाबु : टाक्पा लामा<br>बाजे : निमा अबदु लामा<br>ना.प्र.नं. : ६६-०१-७६-०४६६४<br>जारी मिति : २०७६/०६/०५, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ । |
| **व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : टाक्पा लामा**<br>बाबु : निमा अबदु लामा<br>बाजे : दोलु लामा<br>ना.प्र.नं. : ७३<br>जारी मिति : २०४५/०१/०४, जि.प्र.का. : हुम्ला ।<br>ठेगाना : हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/उ.म.न.पा. वडा नं. ०८, को परिवर्तित हुम्ला जिल्ला, सिमकोट गा.पा. वडा नं. ०४ । हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ । | |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>क) **श्री टाक्पा लामा**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९२, १७८१, १७८३ र १७७९ को क्षेत्रफल क्रमशः ०-०-१८-० (३०४.७४ व.मी.), ०-०-०.२५-० (४.२३ व.मी.), ०-०-०.२५-० (४.२३ व.मी.) र ०-०-२-० (३३.८६ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ख) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९३ को क्षेत्रफल ०-०-१८-० (३०४.७४ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।<br>ग) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा वडा नं. ५, नक्सा सिट नं. ५ स्थित कि.नं. ३४३४ को क्षेत्रफल ०-०-१५-० (२५३.९५ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८२/१२/२४ गते**

## बलिउड अभिनेत्री सोमलाई दोस्रो सन्तान

बलिउडकी चर्चित अभिनेत्री सोनम कपुर आमा बनेकी छन् । उनले आइतबार (२९ मार्च २०२६) मा दोस्रो सन्तानको रूपमा छोरालाई जन्म दिएकी हुन् । आफू आमा बनेको उनले सामाजिक सञ्जाल इष्टाग्राम मार्फत सार्वजनिक गरेकी छन् । उनले लेखेकी छन्, 'हामी यो घोषणा गर्न पाउँदा निकै खुसी छौँ कि आज, २९ मार्च २०२६ मा हाम्रो सानो छोराको जन्म भएको छ । हाम्रो परिवार अझ ठूलो भएको छ । वायु आफ्नो सानो भाइलाई स्वागत गर्न पाउँदा निकै खुसी छ । हामी चार जनाको परिवारका रूपमा यो नयाँ अध्याय सुरू गर्न पाउँदा आभारी छौँ ।





**आइसिसी महिला च्यालेञ्ज ट्रफी**

# दोस्रो चरणको टिम घोषणा

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी अप्रिलमा रुवान्डामा आयोजना हुने आइसिसी महिला च्यालेन्ज ट्रफीका लागि दोस्रो चरणको टोलीको घोषणा गरेको छ ।

नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै बन्द प्रशिक्षण प्रशिक्षणमा रहेका २९ सदस्यीयबाट ११ खेलाडी कम गरि १८ जनालाई समेट्दै दोस्रो चरणको टोली छनोट गरिएको जानकारी दिएको हो ।

क्यानले यस टोलीमा अनुभवी र युवा खेलाडीहरूको मिश्रणबाट तयार पारिएको छ ।

**छनोटमा परेका खेलाडीहरू**

बिन्दु रावल, सम्झना खड्का, पूजा महतो, इन्दु वर्मा, रुबी पोद्दार, रुबिना क्षेत्री, कविता जोशी, कविता कुँवर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, मनिषा उपाध्याय, सिमना केसी, रचना चौधरी, सावीत्री धामी, सोनी पाखिन र सना प्रवीन छन् ।

# अनमोलको जन्मदिनमा 'बाटुलो जून'को प्रदर्शन घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं –** फिल्म 'बाटुलो जून' नयाँ वर्ष (२०८३) दसैंको फूलपातीको छेको पारेर असोज ३० गते रिलिज हुने भएको छ । निर्माण युनिटले सोमबार अभिनेता अनमोल केसीको जन्मदिनको अवसर पारेर फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो ।

सनराइज पिक्चर्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा अनमोल र प्रिन्सी खतिवडाको मुख्य भूमिका छ । फिल्मको फष्टलुक समेत सार्वजनिक भएको छ । जसमा अनमोल र प्रिन्सी फिचरिङ छ । पूर्णिमाको टहलाउँदो जूनलाई पृष्ठभूमिमा




राखिएको पोस्टरमा अनमोलले एक हातमा तत्कालीन परिवेशको प्रकाशको प्रतिबिम्ब राँको बोक्दा अर्को हातले प्रिन्सीको पाउजु सहितको खुट्टा समाएका छन् ।

ग्रामीण परिवेशको प्रेमकथा जोडिएको फिल्म जिया केसी र भविष्य खड्काले निर्माण गरेको हो । अभिनेता भुवन केसीले निर्देशन गरेको फिल्ममा भुवन केसी, अनमोल केसी, प्रिन्सी खतिवडा, नेन्सी खड्का, प्रकाश घिमिरे, रेअर राई, दीपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पणा घतानी, विविका पौडेल र कमल देवकोटाको अभिनय समावेश छ ।

फिल्म काठमाडौँ, म्याग्दी, नुवाकोट, चित्लाङ र पोखरा लगायतका स्थानमा छायांकन गरिएको छ । तेजविक्रम केसी फिल्मका कार्यकारी निर्माता छन् भने लेखन सामिप्यराज तिमिल्सेना र सरिन पोखरेलको छ ।

# प्रधानमन्त्री कपमा सुदूरपश्चिम र मधेस विजयी

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गतको सोमबारको खेलमा सुदूरपश्चिम र मधेस विजयी भएका छन्। सोमबार विरगञ्जको टिबी साह क्रिकेट मैदानमा सम्पन्न खेलमा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई १२ रनले पराजित गरेको हो । सुदूरपश्चिमले दिएको १६९ रनको लक्ष्य पछ्याएको लुम्बिनीले ४० दशमलव २ ओभरमा सबै विकेट गुमाएर १५६ रन मात्र बनाउन सक्यो ।

लुम्बिनीका लागि सन्तोष यादवले ८४ बलमा ७ चखैका र १ छक्काको सहयोगमा ६७ रनको अर्धशतकीय इनिङ खेले पनि टोलीलाई जित दिलाउन सकेनन् । सुदूरपश्चिमका लागि कप्तान शेर मल्ल र खडक बोहोराले समान ३ तथा हेमन्त धामीले २ विकेट लिए । नारायण जोशी र लोकेन्द्र चन्दको नाममा समान १ विकेट रह्यो । त्यसअघि लुम्बिनीले टस जितेर बलिङ रोजेपछि पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ४५ दशमलव ४ ओभरमा अलआउट हुदै १६८ रन मात्र बनाएको थियो । समान खेल खेलेको लुम्बिनीको ३ अंक मात्र रहेको छ ।

त्यस्तै अर्को खेलमा अरनिको यादवको अलराउण्ड प्रदर्शनको सहयोगमा मधेस प्रदेशले कर्णाली प्रदेशलाई ५ विकेटले पराजित गर्दै आफ्नो अपराजित यात्रा कायम राख्यो । पहिलो खेलमा कोशी प्रदेशसँग अंक बाडेको मधेसले त्यसपछिका ३ खेलमा लगातार जित जित हात पारेको छ ।

कर्णालीले दिएको १३० रनको सामान्य लक्ष्य मधेसले २४ दशमलव ५ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो । मधेसको जितमा अरनिकोले अविजित रहेर ३२ रन बनाउँदा बलिङमा २ महत्वपुर्ण विकेट लिए । मधेसका लागि सर्वाधिक ३८ रन भने ओपनर निरज यादवले बनाएका थिए । पराजित कर्णालीको भने समान खेलबाट ३ अंक रहेको छ ।

# 'रेमी अवार्ड'का लागि जौनको 'आँखा' मनोनीत

■ प्रभाव संवाददाता

**काठमाडौं –** जौन योञ्जनद्वारा निर्देशित नेपाली फिल्म 'आँखा' संयुक्त राज्य अमेरिकामा आयोजना हुने वर्ल्ड फेस्ट-ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभलको 'रेमी अवार्ड' का लागि मनोनीत भएको छ । विश्वभरका फिल्म निर्माता र सिर्जनाहरूलाई एकै ठाउँमा ल्याउने यो महोत्सव आगामी अप्रिल २४ देखि मे ३, २०२६ सम्म अमेरिकाको टेक्सासस्थित ह्युस्टनमा आयोजना हुँदैछ ।

यसअघि फिल्मले ६२औं संस्करणको एसिया प्यासिफिक फिल्म फेस्टिभलमा 'उत्कृष्ट फिल्म' को उपाधि जितेर ऐतिहासिक सफलता हासिल गरेको थियो । उक्त महोत्सवको सर्वोच्च सम्मान प्राप्त गर्ने यो पहिलो नेपाली फिल्म भएको छ ।

सन् १९६१ मा स्थापना भएको ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभल विश्वकै सबैभन्दा पुरानो स्वतन्त्र चलचित्र महोत्सवमध्ये एक मानिन्छ । यो महोत्सव उदाउँदा चलचित्र निर्माताहरूलाई पहिचान दिलाउनका लागि प्रसिद्ध छ । स्टिभन स्पिलबर्ग, जर्ज लुकास, डेभिड लिन्च र आङ ली जस्ता दिग्गज हलिउड निर्देशकहरूले पनि आफ्नो करियरको सुरुवातमा यही महोत्सवबाट रेमी अवार्ड प्राप्त गरेका थिए ।

फिल्ममा स्मिता लामिछाने, पशुपति राई, निशा अधिकारी, आरके मेहता, विजय बराल, बुद्धि तामाङ लगायतका कलाकारहरूको अभिनय छ । फिल्मले सुकुम्वासी बस्तीमा जीवन यापन गरिरहेका सामान्य मानिसहरूको कथा, सङ्घर्ष र यथार्थलाई गहिरो रूपमा चित्रण गरेको छ । फिल्म २०८१ असारमा नेपालमा प्रदर्शन भएको थियो ।

**मलेसियामा रोजगार** कम्पनी : JINFAST INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | LT. No. 340289 | चलानी नं. ६०२५३६९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 11 | 0 | 1700 | ६४,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २४ गते (7th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: K.E. MANUFACTURING SDN. BHD.
कम्पनी : के.ई. म्यानुफ्याक्चरिङ एसडिएन. बिएचडि.

Pre Approval Date : 2026-03-30 | LT. No. 340287 | चलानी नं. ६०२५३७०७
पूर्व स्वीकृति मिति : २०८२/१२/१६ | एल टि न. ३४०२८७ | Invoice No. 60253707

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/फ्याक्ट्री वर्कर General Worker/ Factory Worker | २२ 22 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६३,६०० 63,600 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 7th Apr. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत २४ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।– उमेर ३६ देखि ५० : ने.रु.४९३१।– उमेर ५१ देखि ६४ : ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

R.A. International Employment Agency Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

R. A. International Employment Agency Pvt Ltd
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/१२/१७ गते**

यस कार्यालयबाट मिति २०८२/१०/२९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिलका सूचनामा रितपूर्वक म्याद भित्र www.bolpatra.gov.np//egp मा दर्ता हुन आएका बोलपत्र सम्बन्धमा पहिलो चरणको प्राविधिक मूल्याङ्कनमा सफल भई २०८२/१२/१५ गतेको आशयको सूचना प्रकाशन गरी Tawashree Construction and Suppliers Pvt.Ltd. को बोलपत्र स्वीकृत भएकोमा उक्त निर्माण व्यवसायीद्वारा ५ वटा ठेक्का पुगिसकेको हुँदा सम्झौता गर्न असमर्थ रहेको भनी निवेदन पेश गरिएको आधारमा उक्त निर्माण व्यवसायीलाई छनोट सूचीबाट हटाई दोस्रो नम्बरमा रहेको तपसिलको निर्माण व्यवसायीलाइ छनौट गरिएको हुँदा तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ (**सात**) **दिने** सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र. सं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने.रू. (VAT र PS सहित) |
|---|---|---|---|
| १. | URM/NCB/Works/09-2082/83, Construction of 2-storey 4 Room of Shree Ma.Vi.Raatmate Ward No.03 | Chamling Nirman Sewa,Udayapurgadhi-8,Udayapur | रू.६२,७४,६९१/– (अक्षरेपी बयसट्ठी लाख चौहत्तर हजार छ सय एकानब्बे रूपैंया मात्र) । |

**प्रमुख प्रशासकीय अधिकृत**

**Koshi Province Government**
**Ministry of Health**
## District Hospital, Udayapur
**Gaighat**

### Invitation For Bid

**Date of Publication: - 2082-12-17 (2026-02-31)**

1. District Hospital Udayapur, Gaighat invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount (with VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | UH/NCB/GOODS -05-082/83 | Supply and Delivery of Ration for District Hospital, Udayapur | 56,62,246.38 | 3,000.00 | 1,50,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| For Bid Document Fee | | | |
|---|---|---|---|
| Office Name | District Hospital Udayapur | Last date of Submission | 2083-01-03 (16th Apr. 2026) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2083-01-03 (16th Apr. 2026) Time: -13:00 Hrs. |
| Office Code | 3700211021 | Pre-bid Meeting | 2082-12-26 (09th Apr. 2026) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | | |
| **For Bid Security** | | | |
| Office Name | Pradesh Lekha Ikai Udayapur | | |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | | |
| Dharauti Khata No. | 2090100202030000 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. District Hospital Udayapur, Gaighat reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Medical Superintendent**
**District Hospital Udayapur**

# युद्धको असर सामना गर्न जी–७ सक्रिय

**पेरिस–** मध्यपूर्वमा चर्किंदै गएको युद्धले विश्व अर्थतन्त्रमा गहिरो दबाब सिर्जना गरिरहेका बेला धनी राष्ट्रहरूको समूह जी-७ का मन्त्रीहरू त्यसको आर्थिक असर व्यवस्थापन गर्न आपत्कालीन समन्वयमा जुटेका छन् । तेल र ग्यासको मूल्य तीव्र रूपमा बढ्दै जाँदा ऊर्जा, वित्त र मौद्रिक नीतिमा संयुक्त प्रतिक्रिया खोज्न सोमबार विशेष बैठक आयोजना गरिएको हो ।

फ्रान्सका अर्थमन्त्री रोलाण्ड लेस्क्योरका अनुसार भिडियो कन्फरेन्समार्फत हुने यस बैठकमा ऊर्जा र अर्थमन्त्रीहरूका साथै केन्द्रीय बैंकका प्रमुख र अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू सहभागी हुँदै छन् । उनले वित्तीय बजार र विश्व अर्थतन्त्रमा देखिएको अस्थिरताबारे साझा धारणा बनाउन यो बैठक महत्त्वपूर्ण हुने बताए ।

फेब्रुअरी अन्त्यतिर संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि स्थिति झन् जटिल बनेको हो । त्यसको प्रतिकारस्वरूप तेहरानले खाडी क्षेत्रका तेल निर्यातकर्ता मुलुकहरूलाई लक्षित गर्दै ढुवानी मार्ग अवरुद्ध गरेको छ, जसले विश्व आपूर्तिमा ठूलो अवरोध सिर्जना गरेको छ ।

यसको प्रत्यक्ष असर ऊर्जा बजारमा परेको छ । तेल र प्राकृतिक ग्यासको मूल्य आकासिँदा उत्पादनदेखि ढुवानीसम्मका आपूर्ति शृंखलामा व्यापक प्रभाव परेको छ । विशेषगरी एसियाली मुलुकहरूमा यसको प्रभाव गहिरो देखिएको भन्दै लेस्क्योरले विभिन्न देशका प्रतिक्रियामा फरक-फरक दृष्टिकोण देखापरेको उल्लेख गरे ।

उनका अनुसार यही कारणले ऊर्जा, वित्त र केन्द्रीय बैंकहरूलाई एकै ठाउँमा ल्याएर समन्वय गर्न आवश्यक भएको हो । स्थानीय मिडियासँग कुरा गर्दै उनले झण्डै आधा शताब्दीपछि पहिलोपटक यस्तो



स्वरूपमा जी-७ बैठक आयोजना गरिएको जानकारी दिए ।

जी-७ समूहमा अमेरिका, क्यानाडा, बेलायत, फ्रान्स, जर्मनी, इटाली र जापान समावेश छन् । यी मुलुकले विश्वका प्रमुख अर्थतन्त्रहरूबीच नीतिगत दिशा निर्धारणमा प्रभाव पार्दै आएका छन् । हालको संकटमा विशेषगरी अमेरिकाले इरानद्वारा अवरुद्ध गरिएको स्ट्रेट अफ होर्मुज मार्ग पुनः सञ्चालन गराउन समूहको समर्थन खोजिरहेको छ ।

हालै सम्पन्न विदेशमन्त्रीहरूको बैठकपछि जी-७ ले इरानलाई उक्त जलमार्ग खुला गर्न 'पूर्ण आवश्यक' भएको बताउँदै नागरिक पूर्वाधारमा हुने आक्रमण रोक्न आह्वान गरेको थियो । युद्धको प्रभाव बढ्दै जाँदा विभिन्न देशहरूले आन्तरिकरूपमा पनि दबाब झेलिरहेका छन् । ऊर्जा अभाव र मूल्यवृद्धिको असर कम गर्न सरकारले विभिन्न राहत तथा नियन्त्रणका उपायहरू अघि सारेका छन् । तर युद्धको अवधि कति लम्बिने र त्यसको दायरा कति फैलिने भन्ने अन्योलले प्रभावकारी र एकीकृत प्रतिक्रिया दिन कठिन बनाएको छ ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धका उद्देश्य लगभग पूरा भएको दाबी गरेका छन् । तर सोही समयमा हजारौं अमेरिकी सैनिकहरू मध्यपूर्वमा तैनाथ गरिँदै गएका छन्, जसले स्थिति अझ जटिल बन्ने संकेत दिएको छ ।

मानवीय क्षतिको पक्ष पनि गम्भीर बन्दै गएको छ । इरानबाहिरका अधिकारकर्मीहरूका अनुसार अमेरिका-इजरायल आक्रमणमा तीन हजारभन्दा बढी मानिस मारिएका छन्, जसमा आधाभन्दा बढी सर्वसाधारण रहेका छन् । लेबनानमा पनि हिजबुल्लाहविरुद्ध इजरायली कारबाहीपछि एक हजारभन्दा बढीको ज्यान गएको अधिकारीहरूले बताएका छन् ।

यद्यपि इजरायल र खाडी राष्ट्रहरूले भने आफ्नातर्फ कम क्षति भएको दाबी गरेका छन् । समग्रमा युद्धले सैन्यमात्र नभई, आर्थिक र मानवीय दुवै मोर्चामा गहिरो संकट निम्त्याइरहेको देखिएको छ, जसको सामना गर्न जी-७ देशहरू समन्वित रणनीति खोज्न बाध्य भएका छन् । *रासस/एएफपी*

# लेबनानमा मारिए शान्ति सैनिक

**लेबनान–** लेबनानमा रहेको संयुक्त राष्ट्रसंघको शान्ति बलले सोमबार एक शान्ति सैनिकको मृत्यु भएको र अर्को गम्भीर घाइते भएको पुष्टि गरेको छ । यो घटना दक्षिणी लेबनानको एडचिट अल कुषायर नजिकैको शान्ति बलको पोस्टमा भएको हो ।

यस क्षेत्रमा इजरायली सेना र इरान समर्थित हिज्बुल्लाहबीच केही महिनादेखि चलिरहेको संघर्षले स्थानीय शान्ति सैनिकहरूको सुरक्षा जोखिममा पारेको छ । इण्डोनेसियाले उक्त शान्ति सैनिक इण्डोनेसियाबाट रहेको बटालियनका सदस्य रहेको पुष्टि गरेको छ । त्यहाँ अप्रत्यक्ष तोपखानाबाट आक्रमण हुँदा उनीहरूको मृत्यु र अन्य तीन जना घाइते भएका छन् ।

संयुक्त राष्ट्रसंघले विस्फोटको वास्तविक स्रोत पहिचान हुन बाँकी छ र घटनासम्बन्धी अनुसन्धान सुरु गरिएको भनेको छ । संयुक्त राष्ट्रसंघको बयानमा भनिएको छ, 'शान्तिका लागि सेवा गर्ने कोही पनि जीवन गुमाउनु हुँदैन ।' यसैबीच, राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले यस घटनाको कडा निन्दा गर्दै शान्ति सैनिकहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल उपाय आवश्यक रहेको उल्लेख गरे ।

लेबनानको दक्षिणी सिमानामा पर्ने एडचिट अल कुषायर क्षेत्रमा गत महिनादेखि इजरायली सेना र हिज्बुल्लाह लडाकुबीच तीव्र युद्ध भइरहेको छ । यस संघर्षले लेबनानका विभिन्न सहरहरूमा नागरिक जीवन संकटमा पारेको छ । इजरायली अधिकारीहरूले सिमानाबाट ३० किलोमिटर भित्र सुरक्षा क्षेत्र स्थापना गर्ने योजना बनाएका छन्, ताकि उत्तरी इजरायलमा बसोबास गर्ने नागरिकहरूलाई सुरक्षा प्रदान गर्न सकियोस् ।

मध्यपूर्वको यो तनाव मार्चको सुरुदेखि बढेको हो, जब इरान समर्थित हिज्बुल्लाहले इजरायलमा रकेट आक्रमण गरेको थियो । उक्त आक्रमण अमेरिकी र इजरायली आक्रमणको पहिलो दिन इरानका सर्वोच्च नेता अली खामेनीको हत्या पछि भएको थियो । यसक्रममा इजरायली हवाई हमलाले लेबनानका धेरै क्षेत्रहरूमा क्षति पुऱ्याएको छ ।

संयुक्त राष्ट्रसंघले यसअघि पनि आफ्ना पोस्टहरूमा आक्रमण भएका घटनाहरूको रिपोर्ट गरिसकेको छ । मार्च ७ मा घानाका तीन शान्ति सैनिक गोली लागेर घाइते भएका थिए । *रासस/एएफपी*


नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**

**राष्ट्रिय ट्रमा सेन्टर**

**महांकाल काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८२/१२/१७ गते)**

यस अस्पतालबाट तपसिलमा उल्लेखित बिद्युतीय बोलपत्रहरुका सम्बन्धमा पेश भएका बोलपत्रहरुमध्ये बोलपत्र मूल्यांकन समितिबाट न्यूनतम् मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट र सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ (१) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.न. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक मू.अ.कर सहित |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/ 19-082/83). | The Procurement of Supply, Delivery and Installation of ICT Equipments for PACS | श्री दुर्गा इन्फरमेसन टेक्नोलोजि सोलुसन प्रा.लि बागवजार काठमाडौं । | रू. ५७,९१,२५०/- (अक्षरेपी सन्तावन लाख एकानब्बे हजार दुई सय पचास रुपैया मात्र) |
| २. | NTrC/G/NCB/ 20-082/83) | The Procurement of Supply, Delivery and Consumable Spare Parts and Servicing for Central Suction Machine | दाजूभाई सप्लायर्स र सर्जिकल इन्टरप्राइजेज बानेश्वर काठमाडौं । | रू.४६,७१,९८५/- (अक्षरेपी छयालिस लाख एकहत्तर हजार नौ सय पचासी रुपैया मात्र) |

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**


# जुन्ताबाट नागरिक सत्तातर्फ मिन आङ ह्लाइङको रूपान्तरण

**नेपिडो (म्यान्मा)–** मिन आङ ह्लाइङलाई उपराष्ट्रपति पदका लागि मनोनयन गरिएको र सैन्य कमाण्डरको जिम्मेवारीबाट प्रतिस्थापन गरिएको घटनाले उनलाई नागरिक राष्ट्रपतिको रूपमा सत्तामा निरन्तरता दिने स्पष्ट मार्ग खोलिएको छ । पाँच वर्षदेखि कठोर सैन्य शासन सञ्चालन गर्दै आएका उनले अब औपचारिकरूपमा नागरिक संरचनाभित्रैबाट शासन अघि बढाउने तयारी गरेको देखिन्छ ।

सन् २०२१ मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गर्दै सत्ता सम्हालेका मिन आङ ह्लाइङले त्यसयता देशमा कडा नियन्त्रण कायम गरेका थिए । सो कदमपछि सुकीलाई हिरासतमा राखियो, उनको दल विघटन गरियो र देश गृहयुद्धतर्फ धकेलियो ।

हालै सम्पन्न अत्यन्त नियन्त्रणयुक्त निर्वाचनमार्फत सैन्य समर्थक शक्तिहरूलाई सहज जित दिलाइएको थियो । उक्त चुनावमा विरोध वा आलोचनालाई अपराध मानिएको थियो, जसका कारण प्रजातन्त्र पक्षधरहरूले यसलाई निष्पक्ष प्रक्रिया नभएको भन्दै आलोचना गर्दै आएका छन् ।

राज्य सञ्चालित मिडियाअनुसार सांसद क्याव क्याव हतेले संसद्मा मिन आङ ह्लाइङलाई उपराष्ट्रपति पदका लागि प्रस्ताव गरेका थिए । तीन उपराष्ट्रपतिमध्ये एकलाई संसद्ले राष्ट्रपतिमा चयन गर्ने व्यवस्था छ, जसले उनको राष्ट्रपतिको यात्रालाई थप सुनिश्चित बनाएको छ ।

यसैबीच, सेनाको नेतृत्वमा पनि परिवर्तन गरिएको छ । पूर्वजासुस ये विन ऊलाई नयाँ कमाण्डर-इन-चिफको रूपमा नियुक्त गरिएको विभिन्न मिडियाले जनाएका छन् । नेपिडोमा आयोजित कार्यक्रममा उनलाई औपचारिकरूपमा जिम्मेवारी दिइएको थियो ।

म्यान्माको सेनाले सधैं आफूलाई राष्ट्रको एकता जोगाउने प्रमुख शक्तिका रूपमा प्रस्तुत गर्दै आएको छ । यद्यपि, सन् २०११ देखि सुरु भएको सीमित लोकतान्त्रिक अभ्यासले केही समयका लागि नागरिक नेतृत्वलाई स्थान दिएको थियो, जसले सुधारका प्रयासहरू अघि बढाएको थियो ।

तर सन् २०२० को निर्वाचनमा सुकी नेतृत्वको दलले सैन्य समर्थित युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टीलाई पराजित गरेपछि सेनाले आफ्नो प्रभाव घट्ने चिन्तामा सत्ता पुनः आफ्नो नियन्त्रणमा लिएको विश्लेषकहरू बताउँछन् । अहिले सोही सैन्य समर्थित दलले संसद्मा करिब ८० प्रतिशत सिट जितेको छ, जसका कारण नयाँ सरकार सेनासँग नजिक रहेर काम गर्ने अनुमान गरिएको छ । *रासस/एएफपी*


**जगन्नाथ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**जुड्डी, बाजुरा**

**सुदुरपश्चिम, प्रदेश नेपाल**

**प्राविधिक प्रस्ताव स्विकृतिका लागि आशयको पत्र**

**प्रकाशित मिति : २०८२/१२/१७**

यस जगन्नाथ गाउँपालिकामा निर्माण कार्य खरिदका लागि मिति २०८२।१०।२३ गते राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना आह्वान गरिएको DOGADE IRRIGATION CCONSTRUCTION WORKS contract Number: JRM/WORKS/IC/ NCB/٠٦/٢٠٨٢/٠٨٣ को लागि पेश भएका बोलपत्र मध्ये तपसिल बमोजिमका बोलपत्रहरु प्राविधिक प्रस्तावमा उत्तिर्ण भई स्विकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१।ज को उपनियम ५ र नियम ५९ बमोजिम प्रस्ताव स्विकृतिको सूचना जारी गरि उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव E-Bidding प्रणालीबाट खोलिने भएकाले सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**आर्थिक प्रस्ताव खोल्ने मितिः** २०८२।१२।२४ गते बिहान १०:०० बजे

**स्थानः** जगन्नाथ गाउँपालिकाको कार्यालय, जुड्डी बाजुरा

| सि.नं | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | PURNA -USHA- A & A JV | प्राविधिक मुल्यांकनमा सफल |
| २ | KKJ/ THAPA BROTHERS | प्राविधिक मुल्यांकनमा सफल |

**नि. प्रमुख प्रशासकीय अधिकृत**



**SUNAWARSHI MUNICIPALITY**

**OFFICE OF THE MUNICIPLE EXECUTIVE**

**DAINIYA, MORANG**

**KOSHI PROVINCE**

**INVITATION FOR SEALED QUOTATION (SECOND PUBLICATION)**

**Published date: 2082/12/17 (Mar. 31st, 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following Goods under Sealed quotation procedures for 2nd times publication. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/KRISI/ 082/83-03 | Krishak harulai 50% anudanma yantrikaran | 1988000/- | 50,000.00/- | 1,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & For Bid Security SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178), Rajaswa (revenue) Shirshak No :14229
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2083/01/01 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2083/01/02. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Baishak, 02, 2083 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २८३५०० | प्रति तोला - ० | प्रति तोला - ४७०० |

## निजी क्षेत्रलाई सहज वातावरण दिने अर्थमन्त्रीको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निजी क्षेत्रका लागि प्रशासनिक झन्झट, घुसखोरी र अनावश्यक कानुनी झमेलाको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले अब निजी क्षेत्रले घुस खुवाउन नपर्ने, सरकारी निकायमा लाइन लाग्न नपर्ने र सामान्य आर्थिक गतिविधिका कारण थुनिनु नपर्ने स्पष्ट पारेका हुन् ।

सोमबार नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरूसँगको भेटघाटमा अर्थमन्त्री वाग्लेले निजी क्षेत्रलाई सरकारको सहयात्रीका रूपमा अघि बढाउने नीति लिइएको बताए । 'अब निजी क्षेत्रले दुःख पाउने अवस्था अन्त्य हुन्छ, हामी तपाईंहरूको सहयात्री हौं,' उनले भने ।

अर्गमन्त्री वाग्लेले लगानी विस्तार र रोजगारी सिर्जनामा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै लगानी बढाएर रोजगारी सिर्जनामा केन्द्रीत हुनुपर्ने बताए ।

अर्थमन्त्री वाग्लेले आफू भ्रष्टाचार नियन्त्रणमा दृढ रहेको जनाउँदै भने, 'म घुस खान आएको होइन, कसैलाई खान पनि दिन्न ।' अर्थतन्त्रलाई नयाँ गति दिन आफू प्रतिबद्ध रहेको बताउँदै उनले आर्थिक अपराधसम्बन्धी नीति परिवर्तन गर्दै अब सामान्य प्रकृतिका आर्थिक अनियमिततामा कैद सजायभन्दा आर्थिक जरिवानामा केन्द्रित हुने जानकारी दिए । उनले भने, 'आर्थिक बेइमानीमा अब हामी आर्थिक जरिवानामा जान्छौं, उद्योगी-व्यापारी थुनिनु पर्दैन ।'

तर, राज्यले सहजीकरण गर्दा निजी क्षेत्रबाट पनि इमानदारीको अपेक्षा गरिएको उनले स्पष्ट पारे । 'राज्य साथी र सहयात्री बन्दा निजी क्षेत्रले पनि बेइमानी नगर्ने अपेक्षा छ,' उनले भने, 'यदि नियोजित रूपमा बेइमानी गरिन्छ भने त्यसमा हामी निर्मम हुनेछौं ।'

### भन्सार विभागको अनुगमनमा अर्थमन्त्री

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सोमबार भन्सार विभागको अनुगमन तथा त्यहाँका कार्यबारे जानकारी लिएका छन् । विभागको समग्र कार्यप्रणाली, राजस्व संकलनको अवस्था तथा आगामी लक्ष्यबारे जानकारी लिँदै उनले कर्मचारीलाई इमानदारीपूर्वक राजस्व लक्ष्य प्राप्तिमा लाग्न निर्देशन दिएका हुन् । मन्त्री डा. वाग्लेले राजस्व संकलनमा पारदर्शिता र उत्तरदायित्व कायम गर्न विशेष ध्यान दिनुपर्ने बताउँदै इमानदारीपूर्वक काम गर्ने कर्मचारीलाई मन्त्रालयले प्रोत्साहनका कार्यक्रम ल्याउने उल्लेख गरे । 'राजस्व संकलनमा इमानदारी र प्रतिबद्धता देखिए मन्त्रालयले आवश्यक प्रोत्साहनको व्यवस्था गर्नसक्छ', उनले भने । मन्त्री डा वाग्लेले राजस्व संकलन वृद्धि गरी सरकारको बृहत् समृद्धिको लक्ष्य हासिल गर्नुपर्नेमा जोड दिए । यस सन्दर्भमा प्रधानमन्त्री वालेन्द्र शाहको समेत विशेष चासो रहेको उल्लेख गर्दै उनले मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत नियमित अनुगमन भइरहेको जानकारी दिए ।

### ऊर्जा सुधारमा सरकार

## १८० दिनभित्र पिपिए टुंग्याइने

■ प्रभाव संवाददाता

**काठमाडौं –** सरकारले गत शुक्रबार सार्वजनिक गरेको शासकीय सुधारअन्तर्गत एक सय बुँदे कार्यसूचीमा ऊर्जा तथा जलस्रोत क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । मन्त्रिपरिषद्को शुक्रबारको निर्णयअनुसार ऊर्जा क्षेत्रको विकासलाई तीव्र बनाउने उद्देश्यसहित विभिन्न महत्वपूर्ण कदम अघि सारिएका छन् ।

सरकारका योजनामा ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने, विद्युत् उत्पादन, प्रसारण, वितरण तथा निर्यातमा रहेका अवरोध हटाउने, तथा पेन्डिङ रहेका विद्युत् खरिद सम्झौता (पिपिए) र अनुमतिपत्रसम्बन्धी निर्णय अधिकतम १८० दिनभित्र गर्ने सरकारको योजना छ । सरकारले उच्च मूल्य प्राप्त हुने बजार, विशेषगरी साँझको पिक समयमा केन्द्रित भएर विद्युत् निर्यात रणनीति कार्यान्वयन गर्ने लक्ष्य पनि लिएको छ ।

साथै, नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधारका लागि रोडम्याप तयार गरी कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाइने उल्लेख गरिएको छ । ऊर्जा क्षेत्रमा दीर्घकालीन वित्तीय स्रोत सुनिश्चित गर्न सरकारी, निजी, विदेशी तथा डायस्पोरा लगानी समेटिने

**▸▸ सरकारका योजनामा ऊर्जा निर्यात रणनीति एक महिनाभित्र तयार गर्ने, विद्युत् उत्पादन, प्रसारण, वितरण तथा निर्यातमा रहेका अवरोध हटाउने, तथा पेन्डिङ रहेका विद्युत् खरिद सम्झौता (पिपिए) र अनुमतिपत्रसम्बन्धी निर्णय अधिकतम १८० दिनभित्र गर्ने सरकारको योजना छ ।**

बहुआयामिक वित्तीय संरचना विकास गर्ने नीति पनि कार्यसूचीमा समावेश छ ।

सरकारको यस पहललाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधार बनाउने सरकारी लक्ष्यले लगानीकर्तामा उत्साह थपिएको बताए । विशेषगरी लामो समयदेखि रोकिएका पिपिए १८० दिनभित्र खुलाउने निर्णयले आयोजना अघि बढ्ने अपेक्षा गरिएको उनको भनाइ छ । उनका अनुसार उत्पादनसँगै प्रसारण, वितरण र निर्यात क्षेत्रमा निजी क्षेत्रको सहभागिता विस्तार गर्ने नीति कार्यान्वयन भएमा संरचनागत समस्या समाधानमा टेवा पुग्नेछ । ऊर्जा निर्यात रणनीति शीघ्र तयार गर्ने प्रतिबद्धताले पनि ऊर्जा व्यापार विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

इप्पानले नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधार, औद्योगिक सुरक्षा संयन्त्र सुदृढीकरण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापनका लागि बहुआयामिक लगानी संरचना विकास गर्ने योजनालाई स्वागत गरेको छ । यसैगरी, खानेपानी तथा सरसफाइ क्षेत्रमा देखिएको समन्वय अभाव अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नेतृत्वमा एकीकृत संयन्त्र गठन गरिने भएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान र खानेपानी तथा ढल व्यवस्थापन विभागलाई समेट्दै 'एकीकृत खानेपानी समन्वय टास्कफोर्स' गठन गरिनेछ, जसले ३० दिनभित्र सुधार प्रस्ताव पेस गर्नेछ ।

पोखरास्थित फेवा तालको संरक्षित जलाधार क्षेत्रमा देखिएको अतिक्रमण हटाउने, पुनःस्थापना गर्ने तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम तीन महिनाभित्र अघि बढाइने योजना पनि सरकारले अघि सारेको छ । त्यस्तै, सहरी विकास तथा फोहरमैला व्यवस्थापनसम्बन्धी विधेयक सङ्घीय संसदमा पेस गर्न दुई महिनाभित्र मन्त्रिपरिषद् समक्ष प्रस्ताव लैजाने तयारी छ ।

## आगामी बजेटबारे चार मन्त्रालयसँग छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि चारवटा मन्त्रालयले प्रस्ताव गरेका योजना तथा कार्यक्रममाथि छलफल भएको छ ।

बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत अर्थ मन्त्रालयको समन्वयमा राष्ट्रिय योजना आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल गरेको आयोगका प्रवक्ता हरिशरण पुडासैनीले जानकारी दिए ।

आयोगले आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग बजेटसम्बन्धी छलफल गरेको थियो । योजना आयोगले तयार पारेको मध्यमकालीन खर्च संरचना, राष्ट्रिय स्रोत अनुमान समितिले निर्धारण गरेको बजेट सीमा (सिलिङ) र अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शनका आधारमा मन्त्रालयहरूले आफ्ना योजना तथा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट गरिरहेका छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रत्येक मन्त्रालयले प्राप्त बजेट सीमा र मार्गदर्शनको अधिनमा रही आफ्नो मातहतका निकायको नीति, कार्यक्रम र बजेट प्रस्ताव तयार गरी समयसीमाभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यसका लागि अर्थ मन्त्रालयले चैत १५ गते सम्मको समयसीमा मन्त्रालयहरूलाई दिएको थियो ।

नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लले आगामी आर्थिक वर्षका लागि रूपान्तरणकारी बजेट ल्याइने बताउँदै आएका छन् ।

सोहीअनुसार अर्थ मन्त्रालयले सरकारको विद्यमान नीति तथा आवधिक योजनासँग मेल खाने, मध्यमकालीन खर्च संरचनाअनुसारका आयोजना, पूर्व तयारी सकिएका तथा लागत अनुमान गरिएका, आगामी तीन वर्षको खर्च र स्रोतको प्रक्षेपण समावेश भएकालगायतका योजना तथा कार्यक्रम मात्रै प्रस्ताव गर्न भनेको छ ।

## रूपन्देहीमा उत्पादित फ्रेञ्चफ्राइ अब युके र जापानमा

■ दामोदर खनाल

**बुटवल–** रूपन्देहीको शुद्धोधन गाउँपालिकाको मैनहियामा रहेको फस्ट च्वाईस फुड लिमिटेडले आफ्नो उत्पादन फ्रेञ्च फ्राइ सफलतापूर्वक अमेरिका निर्यातपछि अन्य विदेशी बजारमा निर्यात गर्न धमाधम उत्पादन सुरू गरेको छ ।

पछिल्लो समय नेपाली आलुको उत्पादन फ्रेञ्चफ्राइज 'हिमालयन क्रिस्प' दुवईमा निर्यातको तयारी भएपनि बर्तमान ईरान अमेरिका ईजरायल युद्धको असरले केहि प्रभाव पारेपछि जापान, युके लगायतका देशमा निर्यात गर्ने तयारी सहित धमाधम उत्पादको काम भईरहेको छ ।

उद्योगी कृष्ण पौडेलले उद्योगबाट उत्पादित आलुको परिकार फ्रेञ्च फ्राइज अमेरिका पठाएको र अन्य मुलुकबाट पनि राम्रो माग आएकोले अब अडर अनुसार युके, जापान लगायतका मुलुकमा निर्यात गर्ने गरि उत्पादनको काम भईरहेको जानकारी दिए । उनले भने नेपालकै कच्चापदार्थ आलुको उत्पादन विश्व बजारमा पठाउन सक्नुले नेपाली उत्पादन राम्रो र गुणस्तरीय हुन्छ भन्ने प्रमाण हो । विभिन्न जिल्लामा लगाएको यो सिजनको आलु स्याहरिसकेकोले बस्तु उत्पादनमा लागेको उद्योगले जनाएको छ ।



करिव २ अर्ब लगानी रहेको यो उद्योगले कच्चापदार्थ आलु उत्पादन पुर्वको गाईघाट उदयपुर देखि पश्चिम नेपालको कैलाली सम्म करिव ३० जिल्लामा गरेको छ । उद्योगले प्राबिधिक तथा बीउ समेत सपार्ट र मुल्यको सुनिश्चितता गररिदिएकका कारण करिव २० हजार किसानले प्रत्यक्ष रोगार पाएका छन् । उद्योगले प्रबिधिक, कृषि विज्ञ, बजारजा विज्ञ, एकस्पर्ट टिम राखेर काम गरिरहेको छ ।

हाल उद्योगले किसानलाई उद्योगको कच्चापदार्थ बिशेष प्रकारको ठुलो खालको आलु खेती गर्न बिउ र प्राबिधिक सहयोग उपलब्ध गराएको किसानहरू उत्साहित भएर उत्पादनमा लागेका छन् । सरकारले नीति नियम सहज वनाईदिए उत्पादन र बजारीकरणमा सहज हुने उद्योगी पौडेल बताउँछन् ।

यस क्षेत्रमा क्वालिटि फुड प्रोडक्टसका गुणस्तरीय बस्तु उत्पादन गर्दै आएका सफल उद्योगीको रूपमा परिचित उद्योगी पौडेलले श्रीमति, छोरा, छोरी लगायत सवै परिवारको राम्रो साथ पाएका छन् । उद्योगी पौडेलले आलुको फ्रेञ्च फ्राइज लगायत अन्य फ्रोजनफुडका परिकार पनि उत्पादन गर्दै आएका छन् ।

५ बर्ष अगाडि अर्थात् २०७८ सालमा स्थापना भएको यो उद्योगले गुणस्तरीय उत्पादन उत्पादन गर्न सफल भएकोले बिश्व बजारमा फ्रेञ्चफ्राइजको माग रहेको उद्योगका भनाई छ । आफुले उद्योग सुरू गर्दा लोनका लागि नपत्याएको स्मरण गर्दै उनी भन्छन नेपाली किसानले उत्पादन गरेको बस्तु अमेरिका पुगेपछि अहिले बैंकले रेस्पोन्स गर्न थाले नेपाली बजारमा पनि ह्वात्तै माग बढेको छ । भारतीय बजारमा पनि माग बढेको बताउँदै उद्योगी पौडेल भन्छन्, 'अब आलुको अरू केही नया परिकार पनि उत्पादन गर्ने तयारीका साथ रिसर्चमा जुटेका छौं ।' हाल उद्योगले बार्षिक ३० हजार मेट्रिक टन आलु उत्पादन गर्ने लक्ष्य राखेकोले आलु उत्पादन किसानको लागि त यो उद्योग बर्दाननै सावित हुनेछ ।

नेपालको पहाडी, हिमाली र तराई क्षेत्रमा उत्पादित आलु नै उद्योगको लागि कच्चा पदार्थ भएकाले बिश्व बजारमा फ्रेञ्च फ्राइको राम्रो माग हुने आशा गरिएको छ भनी यो राम्रो विदेशी मुद्रा समेत प्राप्त हुने छ ।

## नेप्सेमा उच्च अंकको गिरावट

**काठमाडौं (प्रस)–** नयाँ सरकार गठन भएपछिको पहिलो कारोबार दिन ७१ अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन पनि उच्च अंकको गिरावट देखिएको छ ।

सोमबार नेप्से परिसूचक ४७ दशमलव ७१ अंकले घटेर दुई हजार ८३१ दशमलव ३९ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ६५ प्रतिशतको गिरावट हो । ३४१ कम्पनीको तीन करोड १६ लाख ६ हजार ७१७ कित्ता सेयर एक लाख ५९ हजार ३२८ पटक खरिदबिक्री हुँदा रू १२ अर्ब ९६ करोड ६६ लाख ५९ हजार १६८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । २३७ कम्पनीको सेयर मूल्य घट्दा २६ वटाको मात्र बढेको छ । रिलाइन्स स्पिनिङ मिल्स लिमिटेड, भुजुङ हाईड्रोपावर लिमिटेड, रिजलाईन इनर्जी लिमिटेड र होटल फरेस्ट इन लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै सोलु हाईड्रोपावर लिमिटेडको सेयर मूल्य सात दशमलव ७९ प्रतिशतले घटेको छ ।

## चैते धानको समर्थन मूल्य सिफारिस

**काठमाडौं (प्रस)–** कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो ।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजार मूल्य, उत्पादनलागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए ।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उनले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिए ।

मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र मूल्य सार्वजनिक गरिने जनाइएको छ । धानको चिस्यान मापदण्डसमेत मूल्यांकन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिने छ ।

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने मन्त्रालयले जनाएको छ । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाइएको छ । सरकारले गत वर्ष प्रतिक्विन्टल दुई हजार ८०० समर्थन मूल्य तोकेको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ